# हाम्रो परिवेश

## आधारभूत तहको स्थानीय विषयको पाठ्यक्रम

## (कक्षा ४–५)

**घोडाघोडी नगरपालिका**

**सुखड कैलाली**

**सुदूरपश्चिम प्रदेश नेपाल**

**प्रमुख संरक्षक**

नगर प्रमुख श्री ममताप्रसाद चौधरी

**संरक्षक**

नगर उप-प्रमुख श्री प्रेमकुमारी थापा

**सल्लाहकार :**

नि.प्रमुख प्रशासकीय अधिकृत श्री खगेन्द्र बहादुर सिंह

**तयारी, लेखन तथा सम्पादन :**

शाखा अधिकृत श्री उमेशराज रेग्मी
विषय विशेषज्ञ डा. राम बहादुर चौधरी (बर्दगोरिया गा.पा. )
घोडाघोडी शिक्षक महासंघ अध्यक्ष श्री काशिराम जोशी
विषय विशेषज्ञ तथा प्र.अ श्री छविलाल सापकोटा
प्राविधिक सहायक श्री मान बहादुर मल्ल

**प्रकाशक**

घोडाघोडी नगरपालिका सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल ।

© सर्वाधिक अधिकार

यस पाठ्यक्रमसम्बन्धी सम्पूर्ण अधिकार घोडाघोडी नगरपालिकामा निहित छ । घोडाघोडी नगरपालिकाको लिखित स्वीकृति बिना यसको पूरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट रेकर्ड गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

प्रकाशन : वि.सं. २०७८

# शुभकामना

स्थानीय परिवेश, हावापानी, रहनसहन, पेसा, व्यवसाय, धर्म, सँस्कृति र स्रोत साधनहरुको पहिचान गरी त्यसको महत्वहलाई नबुझ्किन दिगोविकास हुन सक्दैन् । समाज विकासको प्रमुख माध्यम शिक्षा भएकोले स्थानीय स्तरमा व्यक्ति, समुदाय र सङ्घ सँस्थाहरुसँग  समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई शिक्षाको मूलधारमा ल्याउन गरिएको प्रयास सह्रानीय छ । यस पाठ्यक्रमले प्राथमिक तहमा अध्ययनरत कलिलाृ मस्तिष्कका स–साना बालवालिकाहरुलाई आफ्नो परिवेशको जानकारी दिन आवश्यक भएकोले स्थानीय परिवेशका प्राकृतिक, साँस्कृतिक, धार्मीक तथा ऐतिहासिक सम्पदाहरुको समुन्नत स्थानीय तहका रुपमा परिचित यस घोडाघोडी नगरपालिकासँग सम्वन्धीत स्थानयि पाठ्यक्रम "हाम्रो परिवेश" कक्षा ४–५ प्रकाशन हुन लागेकोमा खुसी लागेको छ ।

स्थानीय स्तरमा भाषा, आफ्नो सँस्कृति, रहनसहन, मूख्य क्षेत्रहरु  लगायतका विषयवस्तुहरु समेटेर आफ्नो पहिचान कसरी कायम गर्न सकिन्छ ? एक आपसमा भाईचाराको भावना कसरी जागृत गराउन सकिन्छ ? समाजमा सबैको अस्थित्व कसरी कायम गर्न सकिन्छ  भन्ने विषयमा यसले जोड दिएको छ । समाज र वातावरणको विग्रदो अवस्था, वढ्दो प्रदुषण, प्राकृतिक स्रोतको अत्याधिक प्रयोग, जलवायू प्रर्दशन जस्ता कारणले पृथ्वीको अस्थित्वलाई चुनौति दिइरहेको आजको अवस्थामा संरक्षण शिक्षा अपरिहार्य छ । यसमा पनि घोडाघोडी ताल, सीताकुवा,ओजुवा ताल, चिडियाताल बुलबुलले जस्ता महत्वपूण सम्पदाहरु भएको यस घोडाघोडी नगरपालिकाको लागि स्थानीय पाठ्यक्रम अति आवश्यक रहेको छ ।

यस पाठ्यक्रमले आफ्नो प्राकृतिक, साँस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण एवम् प्रवर्द्धनमा लाग्न अभिप्रेति गर्न सहोग गर्नेछ भने आफ्नो परम्परा, सँस्कार तथा सँस्कृति, खेल तथा परम्परागत प्रविधिको वारेमा जानकारी लिने र यसको संरक्षण र पुस्तान्तरणमा सहयोग गर्नेछ  भन्ने मैले विश्वास लिएको छु । स्थानीय विषयवस्तुहरुलाई मातृभाषा र देवनागरिक लिपीको नेपाली भाषामा सिकाई सहजीकरण गर्न सकिने व्यवस्था भएकोले यो पाठ्यक्रम कार्यान्वय थप प्रभावकारी हुनेछ भन्ने आशा लिएको छु । यो पाठ्यक्रम विकास गरि लागु गर्न तत्परता देखाउनुहुने घोडाघोडी नगरपालिकाका शिक्षा सम्वद्ध सम्पूर्ण महानुभावहरु, पाठ्यक्रमलाई मूत रुप दिन प्राविधिक तथा प्रकाशन कार्यमा सहयोग पुऱ्याउने शिक्षा यूवा तथा खेलकुद शाखा, नगर शिक्षा समितिका पदाधिकारीहरु, शिक्षकका विभिन्न पेसागत सङ्घ संगठन, नगरकार्यपालिकाका सदस्य ज्यूहरु, वडाध्यक्षज्यूहरु, प्रमुख प्रशसकिय अधिकृत ज्यू, नगर उप प्रमुख ज्यू प्रति हार्दीक आभार प्रकट गर्न चाहान्छु ।  यो स्थानीय पाठ्यक्रम स्थानीय भाषा सँस्कृति कला तथा यस क्षेत्रको सम्पदा संरक्षण र प्रवर्द्धनमा सययोगी हुनेछ भन्ने आशा लिएको छु ।

अन्तमा यस पाठ्यक्रमको सफल कार्यान्वयन तथा दिगोपनाको कामना गर्दछु ।

ममता प्रसाद चौधरी
नगर प्रमुख

# विषयसूची

## परिच्छेद १


| क.सं. | विषयसूची | पेज नं. |
|---|---|---|
| १ | पृष्ठभूमि | १ |
| २ | विद्यालय शिक्षाको तहगत संरचना र उमेर | १ |
| ३ | विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य | २ |
| ४ | विद्यालय शिक्षाको तहगत संरचना र उमेर | ३ |
| ५ | आधारभूत शिक्षा ( कक्षा १–८) का तहगत सक्षमता | ४ |
| ६ | शिक्षाको माध्यम | ४ |
| ७ | कार्यान्वयन योजना | ५ |
| ८ | पाठ्यक्रम विकास स्वीकृति र परिमार्जन | ६ |


## परिच्छेद २


| | | |
|---|---|---|
| १ | परिचय | ७ |
| २ | तहगत सक्षमता | ८ |
| ३ | कक्षागत सिकाइ उपलब्धि | ९ |
| ४ | विषयवस्तुको क्षेत्र र क्रम | १२ |
| ५ | विषयवस्तुको विस्तृतीकरण | १६ |
| ६ | सम्भावित परियोजना  तथा प्रयोगात्मक कार्य | ३३ |
| ७ | सिकाइ सहजीकरण विधि र प्रक्रिया | ३४ |
| ८. | विद्यार्थी मूल्याङ्कन | ३५ |

# परिच्छेद : १

# परिचय

## १. पृष्ठभूमि

पाठ्यक्रम विकास तथा परिमार्जन निरन्तर प्रक्रिया हो । समाजको माग र सिकारुको आवश्यकताका आधारमा पाठ्यक्रममा समसामयिक, विश्वव्यापी र स्थानीय विषयवस्तुलाई समावेश गरिन्छ । कुनै तहमा अध्ययन गर्ने विद्यार्थीमा व्यवहारकुशल तथा जीवनोपयोगी सिप र सक्षमताहरू विकास गर्न पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सिकारुमैत्री बनाउने प्रयास गरिन्छ । यसै क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूपको सैद्धान्तिक अवधारणाअनुसार आधारभूत तहको मौजुदा पाठ्यक्रममा परिमार्जन गरी एकीकृत पाठ्यक्रम विकास गरिएको छ । पाठ्यक्रमको मौजुदा संरचनाअनुसार आधारभूत तहमा कक्षा १-३ मा साप्ताहिक ५ पाठ्यघण्टाका दरले वार्षिक १६० पाठ्यघण्टाको मातृभाषिक सिप/स्थानीय विषयवस्तुसम्बन्धी क्रियाकलाप र कक्षा ४-८ मा साप्ताहिक ४ पाठ्यघण्टाका दरले वार्षिक १२८ घण्टाको मातृभाषा/स्थानीय विषय समावेश गरिएको छ । स्थानीय विषयअन्तर्गत मातृभाषा तथा स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयसँग सम्बन्धित क्रियाकलाप समावेश हुने छन् । यसअन्तर्गतका सिर्जनात्मक सिप विकाससम्बन्धी क्रियाकलापलाई अन्य विषयक्षेत्रका क्रियाकलापसँग पनि सम्बन्धित गराउन सकिन्छ । स्थानीय तहले विद्यालयको सहभागितामा स्थानीय विज्ञ, अभिभावक तथा शिक्षकको सहयोगमा स्थानीय विषयको पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउनुपर्ने नीतिगत व्यवस्था अनुरुप यो पाठ्यक्रम तयार गरिएको छ ।

## २. कक्षा ४ र ५ को पाठ्यक्रमको ढाँचा तथा संरचना

आधारभूत शिक्षा (कक्षा ४-५) पाठ्यक्रम ढाँचा तथा संरचना राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ को निर्देशन अनुरुप तयार पारिएको छ । यस अघि निर्मित कक्षा (कक्षा १-३) को स्थानीय पाठ्यक्रमसँग अन्तरसम्बन्धित हुने गरी क्रमिक उन्नयनका साथ प्रस्तुत गरिएको छ । यस पाठ्यक्रमा घोडाघोडी नगरपालिकाभित्रका स्थानीय सामग्री समावेश गरिएको छ ।यस्तो पाठ्यक्रम क्रियाकलापमुखी हुने छ । यसले विद्यार्थीहरूमा विषयवस्तुको ज्ञानका साथै विभिन्न किसिमका सिपको विकासमा जोड दिने छ । आधारभूत तह (कक्षा ४-५)मा विद्यार्थीहरूलाई स्थानीय विषयवस्तुमा आधारित ७ वटा विषय क्षेत्र समेटिएको छ । जसमा हाम्रो घोडाघोडी, हाम्रो सामाजिक र सांस्कृतिक सम्पदा, हाम्रा स्थानीय पेसा, व्यवसाय, पर्यटन र आर्थिक क्रियाकलाप, स्वास्थ्य र खेलकुद, विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय, जीवन उपयोगी सिप र मानव मूल्यमा आधारित शिक्षा, स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरु जस्ता स्थानीय विषयका सिकाइ क्षेत्रहरू प्रदान गरिएको छ । , कक्षा (४-५) को वार्षिक कार्यघण्टा तथा पाठ्यक्रम संरचना निम्नानुसार हुने छन् :

**तालिका ४ : आधारभूत शिक्षा (कक्षा ४-५) को पाठ्यक्रम संरचना**

| क्र. स. | विषय | पाठ्यघण्टा | वार्षिक कार्यघण्टा |
|---|---|---|---|
| १. | नेपाली | ५ | १६० |
| २. | अङ्ग्रेजी | ५ | १६० |
| ३. | गणित | ५ | १६० |
| ४ | विज्ञान तथा प्रविधि | ५ | १६० |
| ५. | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | ५ | १६० |
| ६. | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | ३ | ९६ |
| ७. | मातृभाषा वा स्थानीय विषय | ४ | १२८ |
| जम्मा | | ३२ | १०२४ |

## ३. विद्यालय शिक्षाको राष्ट्रिय उद्देश्य

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ अनुसार विद्यालय शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्नानुसार हुने छन् :

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने ,

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य तथा मान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा साँस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने ,

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगारउन्मुख, उत्पादनशील, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने ,

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुऱ्याउने ,

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र सदुपयोग गर्दै दीगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने ,

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानव अधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यताअनुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवादउन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने ,

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने ,

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका र खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने ,

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका, सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने ,

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने ,

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानव सिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने ,

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ४. विद्यालय शिक्षाको तहगत संरचना र उमेर

नेपालको विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने छ । माध्यमिक शिक्षाको प्राविधिक तथा व्यावसायिक धारतर्फ थप एक वर्ष अवधिको व्यावहारिक अभ्यास समेटिने छ । बालमनोविज्ञान, सिकारुको उमेर तथा सिकाइ क्षमता स्तरका आधारमा विद्यालय शिक्षाको तहगत र कक्षागत खाका देहायबमोजिम हुने छ :

विद्यालय शिक्षाको तहगत र कक्षागत संरचना

| विद्यालयको तह | कक्षा | उमेर समूह | सिकाइ क्षमतास्तर |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास र शिक्षा | प्रारम्भिक बाल विकास र शिक्षा | ४ वर्ष | |
| आधारभूत | कक्षा १- ३ | ५ देखि ७ वर्षसम्म | तह १ |
| | कक्षा ४ - ५ | ८ देखि ९ वर्षसम्म | तह २ |
| | कक्षा ६ - ८ | १० देखि १२ वर्षसम्म | तह ३ |
| माध्यमिक | कक्षा ९ - १० | १३ देखि १४ वर्षसम्म | तह ४ |
| | कक्षा ११ - १२ | १५ देखि १६ वर्षसम्म | तह ५ |

**५. आधारभूत शिक्षा (कक्षा १–८) का तहगत सक्षमता :**

आधारभूत शिक्षाले विद्यार्थीकेन्द्रित शिक्षाका माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गर्ने लक्ष्य राखेको छ । यस तहको शिक्षाको मुख्य उद्देश्य राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र संबर्धन गर्ने, अधिकार र कर्तब्यको पालनासहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यताअनुकूल व्यवहार गर्ने कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्ने हो । यस तहको शिक्षा प्राप्त गरिसकेका बालबालिकाहरु आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनका आइपर्ने व्यावहारिक समस्या सामाधान गर्न सक्षम, स्वावलम्बी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान हुनेछन् । विद्यालय शिक्षाअन्तर्गत आधारभूत शिक्षा (कक्षा १–८) का विद्यार्थीले हासिल गर्ने सक्षमताहरु निम्नबमोजिम हुनेछन् :

१. देशप्रेम तथा राष्ट्रिय एकताको भावना एवम् लोकतान्त्रिक मूल्य, मान्यता तथा संस्कार व्यवहारमा प्रदर्शन,
२. भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक, सिर्जनात्मक एवम् सान्दर्भिक प्रयोग,
३. सूचना र विचारहरुको आदान प्रदान, विश्लेषण तथा सूचना प्रविधिको समुचित प्रयोग,
४. तार्किक तथा व्यावहारिक गणितीय ज्ञान, सिप एवम् अभिवृत्ति विकास र प्रयोग,
५. वैज्ञानिक आवधारणा, तथ्य, सिद्धान्त र नियमप्रतिको जिज्ञासा एवम् बोध र व्यावहारिक जीवनमा प्रयोग,
६. मानव मूल्य र मान्यता एवम् सामाजिक गुणको विकास तथा नागरिक कर्तव्यप्रति सजगता,
७. जनसङ्ख्या, वातावरण संरक्षण र दीगो विकासबिचको अन्तरसम्बन्धको बोध र व्यवस्थापनमा सहयोग,
८.शारीरिक तन्दुरुस्ती, स्वस्थकर जीवनशैली र जीवनोपयोगी सिपको विकास,
९. स्थानीय, आधुनिक पेसा, व्यवसाय र प्रविधि एवम् श्रमप्रति सम्मान तथा व्यवहारकुशल सिपको प्रयोग,
१०. नेपाली कला, साहित्य र संस्कृतिको संरक्षण तथा सम्बर्धन एवम् सिर्जनशीलताको विकास र प्रयोग,
११. राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशसँग परिचित भई विविधता, विश्वबन्धुत्व र सहअस्तित्व बोध तथा स्वीकार,
१२. दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्याहरुको पहिचान, विश्लेषण तथा समाधान ।

**६. शिक्षाको माध्यम**

घोडाघोडी नगरपालिकामा बहुसाँस्कृतिक र बहुभाषिक समुदायको बसोवास रहेकाले यहाँ विभिन्न जातजाति र साँस्कृतिक पृष्ठभूमि भएका मानिसहरू बस्दछन् । यस नगरपालिकामा प्रायजसो समुदायमा मिश्रित प्रकारको बसोबास भएकाले विद्यालयहरूमा समेत विभिन्न भाषिक तथा साँस्कृतिक पृष्ठभूमिका विद्यार्थीहरू छन् । यहाँका विद्यालयहरूमा भाषिक दृष्टिले मिश्रित कक्षा भएकाले धेरैजसो विद्यालयमा द्विभाषिक तथा बहुभाषिक अवस्था रहेको छ ।

विभिन्न भाषिक पृष्ठभूमि भएका बालबालिकाहरू विद्यालयमा भर्ना हुँदा घरपरिवार वा समुदायमा उनीहरूले प्रयोग गरिरहेको भाषा प्रयोग गरी सिकाइ क्रियाकलाप सञ्चालन गरिएमा सिकाइ सहज र प्रभावकारी हुने छ । दोस्रो भाषामा शिक्षणसिकाइ सुरु गर्दा भाषा नबुझ्नाले बालबालिकाहरू विद्यालय तथा कक्षाकोठामा नरमाउने, कक्षा छाड्ने, शिक्षण सिकाइ क्रियाकलापमा सहभागी नहुने पनि हुन सक्दछन् । त्यसैले कक्षा १-३ मा बालबालिकालाई मातृभाषाका माध्यमले शिक्षण गर्ने गरी पाठ्यक्रम तयार गरिएको छ भने कक्षा ४-५ मा आवश्यकतानुरुप मातृभाषाको प्रयोग गर्दै सिकाइ क्रियाकलाप क्रमशः नेपाली भाषाउन्मुख हुनेछ । यसबाट

सिकाइ प्रक्रिया रुचिकर र प्रभावकारी हुन गई समग्रमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सहयोग पुग्न जाने देखिन्छ ।सङ्क्रमण सहज हुने अनुसन्धानले देखाएका तथ्यहरूलाई दृष्टिगत गरी मातृभाषा वा घरपरिवार तथा यसै कुरालाई मध्यनजर गरी घोडाघोडी नगरपालिकामा स्थानीय परिवेशमा आधारित रही विद्यालयको भाषिक वातावरण अनुकूल हुने गरी नेपाली भाषामा यो स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिएको छ । यस पाठ्यक्रमलाई आवश्यकता र औचित्यका आधारमा अन्य भाषामा समेत सहजीकरण गर्न सकिनेछ ।

## ७. कार्यान्वयन योजना

पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गतिशील प्रक्रिया भएकाले यसको निर्माण र कार्यान्वयन सहज रेखीय पद्धतिका रूपमा नभई अन्तरसम्बन्धित चक्रका रूपमा रहने गर्दछ । पाठ्यक्रमका सन्दर्भहरूको विश्लेषण गरी अवधारणा विकास, पाठ्यक्रमको मस्यौदा तयार, विभिन्न सरोकारवालाहरूसँग छलफलबाट राय तथा सुझाव प्राप्त गरी प्राप्त सुझावहरूसमेतलाई उपयुक्तताका आधारमा समावेश गरी यो पाठ्यक्रम तयार गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले निर्दिष्ट गरेअनुसारको विद्यालय तहको पाठ्यक्रम संरचनामा आधारित भई तयार गरिएको यो पाठ्यक्रम कार्यान्वयन गर्न विद्यालय तथा शिक्षकका लागि आवश्यक पर्ने पाठ्यक्रम निर्देशिका, शिक्षक निर्देशिका, विद्यार्थीका लागि आवश्यक पाठ्यपुस्तक, अभ्यासपुस्तिका, सन्दर्भ सामग्रीलगायतका सिकाइ सामग्रीहरू विकास गरी तिनको परीक्षण तथा सुधार गर्नु आवश्यक छ भने अर्कातिर नयाँ विषवस्तु र सिकाइ प्रक्रियामा निपुण हुने गरी शिक्षकको विकास र छनोट गर्नु पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनिवार्य छ । यसले विद्यमान शिक्षक तयारी र शिक्षक पेसागत विकास कार्यक्रममा परिमार्जन आवश्यक देखाएको छ । त्यसै गरी पाठ्यक्रमको नयाँ ढाँचाअनुसारको शिक्षण सिकाइ कार्य सञ्चालन गरी विद्यार्थीमा अपेक्षित सक्षमता हासिल गराउनका लागि शिक्षण सिकाइ विधि तथा प्रक्रियामा सुधार गरी क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित बनाइनु आवश्यक छ भने विद्यार्थीको मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गरी विद्यार्थी मूल्याङ्कनलाई सिकाइका रूपमा र सिकाइका लागि उपयोग गर्नुपर्ने हुन्छ ।
विद्यालय तहमा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले दिएको पाठ्यक्रम संरचना तथा आधारअनुसार निर्माण गरिएको कक्षा ४-५ को यो पाठ्यक्रमको कार्यान्वयनको तालिका यहाँ प्रस्तुत गरिएको छ ।

| कक्षा | शै.व.२०७९ | शै.व.२०८० |
|---|---|---|
| ४ | **कार्यान्वयन** | |
| ५ | | **कार्यान्वयन** |

## ८. पाठ्यक्रम विकास, स्वीकृति र परिमार्जन

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपले मार्गदर्शन गरेअनुसार स्थानीय पाठ्यक्रमको विकास र परिमार्जन स्थानीय तहले गर्ने छ । पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीको विकास तथा निर्माण प्रक्रियामा महिला, आदिवासी/जनजाति समूह, दलित,अपाङ्गता भएका, सीमान्तकृत समूहका व्यक्तिहरू, अभिभावक, शिक्षक, नागरिक समाज र मानव अधिकार तथा बाल अधिकार विशेषज्ञहरूसमेतको व्यापक प्रतिनिधित्व गराइने छ । साथै स्थानीय तहमा पाठ्यक्रम विकाससम्बन्धी कार्य हुँदासमेत विशेषज्ञसहित सरोकारवालाहरूको समावेशी प्रतिनिधित्व गराइने छ । स्थानीय तहले विकास गर्ने स्थानीय पाठ्यक्रमको स्वीकृतिको संस्थागत व्यवस्था स्थानीय तहले गर्ने छ । पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीको विकास गर्दा तोकिएको प्रक्रियाअनुसार गरिने छ । पाठ्यक्रमको अद्यावधिक परिमार्जन तथा सुधार गर्ने कार्य निम्नानुसार गरिने छ :

राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्देश गरेअनुसार स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्रीको विकास गरिने छ ।

- आवश्यकतानुसार स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई प्रत्येक वर्ष अद्यावधिक गरिने छ ।
- सामान्यतया प्रत्येक पाँच वर्षमा समसामयिक परिमार्जन गरिने छ ।
- सामान्यतया प्रत्येक दश वर्षमा पुनरावलोकन गरी समयानुकूल परिवर्तन गरिने छ ।

**परिच्छेद : २**

# स्थानीय पाठ्यक्रम : हाम्रो परिवेश

## १.परिचय

बालबालिकाहरू आफ्नो वरिपरिको सामाजिक, भौतिक, साँस्कृतिकलगायतका अवस्थासँग परिचित भएमा, सिकाइलाई दैनिक जीवनसापेक्ष बनाउन र समाजसँग जोड्न सकेमा उनीहरूलाई वातावरणसँग अन्तरक्रिया गरी समायोजित हुन सहज हुन्छ । विगतका अनुभवबाट सिक्न, वर्तमान अवसरको खोजमा संलग्न हुन र भविष्यप्रति सचेत रहन एवम् आफू र आफू रहेको वातावरणको सरसफाइ, संरक्षण र संवर्धनमा सरिक भई शारीरिक सबलताका लागि स्वच्छ र तन्दुरुस्त रहने जीवनशैली अवलम्बन गरी, सिर्जना र कलाको माध्यमबाट सकारात्मक र असल एवम् समाजोपयोगी नागरिकका रूपमा तयार रहन सहयोग पुगोस् भनी हाम्रो स्थानीय विषयक्षेत्रको स्थानीय पाठ्यक्रम "**हाम्रो परिवेश**" विकास गरिएको छ । आधारभूत तह (कक्षा ४-५) को हाम्रो स्थानीय विषयक्षेत्रको पाठ्यक्रममा बालबालिकालाई सामाजिक र भौतिक वातावरणप्रति रुचि जगाउने, आफू वरपर रहेको वातावरणको पहिचान गर्ने, वैज्ञानिक सोच विकास गर्ने, सरसफाइ र संरक्षण एवम् स्वास्थ्यप्रति सचेत हुने, कला र सङ्गीतप्रति रुचि जगाई सिर्जनात्मक प्रतिभाको विकासमा सहयोग गर्ने विषयवस्तुको समावेश गरी उत्पादनशील र सक्रिय नागरिकको जग बसाउने उद्देश्य लिइएको छ । यसपाठ्यक्रमले सहभागितात्मक तथा क्रियाकलापमुखी शिक्षण सिकाइलाई जोड दिँदै विद्यार्थीहरूलाई सिर्जनशील तथा खोजउन्मुख बनाई दैनिक समस्या समाधानका सिप विकासमा सहयोग गर्ने लक्ष्य लिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को संरचना अनुसार आधारभूत तह (कक्षा ४-५) मा हाम्रो स्थानीय विषयको पाठ्यक्रम तर्जुमा गरिएको छ । यस विषयक्षेत्रको पाठ्यक्रममा मूलतः सामाजिक अध्ययन,चारित्रिक विकास, विज्ञान तथा वातावरण, स्वास्थ्य तथा शारीरिक र सिर्जनात्मक कला विपद व्यवस्थापन, जीवनोपयोगी सिप, स्थानीय आर्थिक क्रियाकलाप ,स्थानीय सामाजिक सङ्घ संस्था तथा व्यक्तित्व जस्ता सिकाइका क्षेत्रहरूका विषयवस्तुलाई समावेश गरिएको छ । यी कक्षामा स्थानीय सामाजिक क्षेत्र अन्तर्गत रहेका आफू र आफ्नो परिवार तथा छरछिमेक, परम्परा, सामाजिक मूल्य र मान्यता, नागरिक चेतना, भूगोल, इतिहास र आर्थिक क्रियाकलाप लगायतका विषयवस्तु समावेश गरिएको छ । आफ्नो

परिचित सेरोफेरोको अध्ययनले बालबालिकालाई आफूले आफैँलाई चिन्ने र परिवार र छरछिमेकहरूमा घुलमिल हुने, संस्कृति तथा परम्परादेखि स्थापित सामाजिक चालचलन, नियम आदिसँग परिचित हुने, असल नागरिकमा हुनुपर्ने मानवीय गुण, अधिकार र कर्तव्यको पहिचान गरी सामाजिकीकरणमा जोड दिने, बालबालिकाहरूलाई आफू रहेको ठाउँ, क्षेत्र आदिको भौगोलिक स्वरूपका परिचित गराउने, आफू र आफ्न आफ्नो  परिवार, समुदायका विगतका सम्बन्धमा खोजीनिति गर्न प्रेरित गर्ने र उनीहरूलाई मितव्ययी भई परिवार तथा स्थानीय समुदायका आर्थिक क्रियाकलापका बारेमा जानकारी लिन प्रेरित गर्ने अपेक्षा गरिएको छ । व्यक्ति, समाज र राष्ट्रका लागि असल र दक्ष नागरिक तयार गर्न बालबालिकाहरूमा सानै उमेरदेखि सूचना तथा प्रविधि र वातावरणसँग परिचित गराई उनीहरूमा वैज्ञानिक सोच, चिन्तन र अभिवृत्तिप्रति सकारात्मक भावनाको विकास गर्न विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि नै प्रविधि तथा वातावरणका विषयवस्तु समावेश गरिएको छ । बालबालिकाहरूमा कलाप्रति अनुराग बढाउन र मौलिक तथा सिर्जनात्मक प्रतिभा विकास गर्न  कला क्षेत्रका विभिन्न विषयवस्तुहरू समावेश गरिएको छ । आधारभूत तहको कक्षा ४-५ मा स्वस्थ जीवनशैली, वातावरणीय सफाइ र उपचारका क्षेत्रहरू समावेश गरिएका छन् । व्यक्तिको शारीरिक , मानसिक,सामाजिक र संवेगात्मक पक्षको विकास अर्थात् सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउन स्थानीय परम्परागत खेलकुद समावेश गरिएको छ ।

समयको माग र परिवर्तनलाई आत्मसात गर्न सिकाइलाई समय सापेक्ष ज्ञान सिप प्रदान गर्न, जीवनोपयोगी सिप सम्वद्ध विषयवस्तु समावेश गरिएको छ । त्यसैगरि मानवीय र प्राकृतिक विपदको सामना गर्न सक्ने तुल्याउन विपद व्यवस्थापन सँग सम्वद्ध विषयवस्तु पनि समावेश गरिएको छ । आफ्नो समाज तथा समाजिक, शैक्षिक व्यक्तित्व सँग परिचित गराउन सँस्था र व्यक्तित्वको परिचय सँग सम्वन्धित विषयवस्तुहरुलाई समेत समावेश गरिएको छ । सकेसम्म पाठ्यक्रमलाई समयानुकुल र व्यवहारिक बनाउने प्रयास गरिएको छ ।

## २. तहगत सक्षमता

१. घोडाघोडीको संक्षिप्त परिचय, नक्साङ्कन र अवस्था पहिचान ।
२. स्थानीय धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको परिचय र महत्व बोध ।
३. स्थानीय परम्परागत पेसा, व्यवसाय र प्रविधिप्रति सम्मान तथा सिपको अभ्यास ।
४. स्वास्थ्य, सरसफाइ, व्यायाम र प्राणायाम अभ्यास ।
५. स्थानीय प्रकोप र जोखिमका क्षेत्रहरूको पहिचान तथा हरित विद्यालयको अवधारणासँग परिचित र निर्माणमा सहभागिता ।
६. जीवनोपयोगी सिप र मानव मूल्यका क्रियाकलापको परिचय र महत्व बोध एवम् अभ्यास ।
७. स्थानीय सामाजिक संस्थाहरू र ख्यातिप्राप्त व्यक्तिको सामान्य चिनारी ।

# ३. कक्षागत सिकाइ उपलब्धि

| **क्षेत्र/एकाइ** | **कक्षा ४** | **कक्षा ५** |
|---|---|---|
| १. हाम्रो घोडाघोडी | ➢ नगरपालिकाको भौगालिक अवस्था ( सिमाना, क्षेत्रफल) भन्न<br>➢ नगरपालिकाभित्रका वडाहरूको सङ्ख्या र वडा कार्यालयहरुको ठेगाना<br>➢ आफ्नो वडाभित्रका महत्वपूर्ण कार्यालयहरू ,स्थान र प्राकृतिक स्रोतको नाम ठेगाना भन्न<br>➢ नगरपालिकाभित्रको जनसङ्ख्या (महिला र पुरुषको तथ्याङ्क भन्न<br>➢ नगरपालिकाभित्रका मुख्य बाटाघाटा पहिचान गर्न<br>➢ नगरपालिकाभित्र हुने आर्थिक क्रियाकलापका स्रोतहरु को सूची तयार गर्न | ➢ नगरपालिकाको नामकरणको जानकारी दिन<br>➢ आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थान देखाउन<br>➢ नगरपालिकाभित्र वडाअनुसारको घरधुरी सङ्ख्या  भन्न ।<br>➢ नगरपालिकाभित्रका वडाअनुसारको जनसङ्ख्या (महिला र पुरुष) भन्न<br>➢ नगरपालिकाभित्रका मुख्य आयस्रोत पहिचान गर्न |
| २. हाम्रो सामाजिक र सांस्कृतिक सम्पदा | ➢ आफ्ना नातेदार र आफन्तहरूको नाम, ठेगाना र पारिवारिक रीतिरिवाज भन्न<br>➢ सामाजिक शिष्टाचार तथा नियमहरूको पालना गर्न<br>➢ आफूले मनाउने चाडपर्व (दशैं, माघी, तिहार,बिसु आदि) को परिचय दिन<br>➢ आफूले मनाउने चाडपर्वको महत्व भन्न<br>➢ समुदायमा प्रचलित लोकगीत गाउने अभ्यास गर्न<br>➢ स्थानीयस्तरमा प्रचलित कुनै एक लोकबाजा तालमा बजाउन<br>➢ समुदायमा प्रचलित गीतमा हाउभाउसहित लोक नृत्य गर्न<br>➢ नगरपालिकाभित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको परिचय दिन | ➢ नगरपालिकाभित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको महत्व भन्न<br>➢ आफ्नो समुदायको जन्म तथा मृत्यु संस्कारको परिचय दिन<br>➢ व्रतबन्ध,पुट बह्राउ गर्ने तरिका र महत्व भन्न<br>➢ विवाह संस्कारको परिचय दिन र महत्व भन्न<br>➢ माघी पर्वको ऐतिहासिक तथा सामाजिक महत्वको  जानकारी दिन<br>➢ बुट्का बाबा मेलाको ऐतिहासिक महत्वको छोटो जानकारी दिन<br>➢ कृष्णाष्टमी (अस्टिम्की) , अट्वारी र अनत्ता व्रतको परिचय तथा महत्व भन्न<br>➢ स्थानीयस्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउसहित गाउन र नृत्य गर्न<br>➢ स्थानीय प्रचलित कुनै दुई लोकबाजा बजाउने अभ्यास गर्न<br>➢ नगरपालिकाभित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको महत्व भन्न<br>➢ नगरभित्रका धार्मिक स्थलको संक्षिप्त परिचय |

| | | |
|---|---|---|
| ३. हाम्रा स्थानीय पेसा, व्यवसाय, पर्यटन र आर्थिक क्रियाकलाप | ➢ स्थानीयस्तरमा निर्मित हस्तकलाका सामग्रीका नाम र निर्माणका लागि आवश्यक सामग्री तथा तिनको उपयोग भन्न (डोक्नी, पौवा, भौका, जाल, डोको, नाङ्लो ,ढकिया आदि )<br>➢ स्थानीय परम्परागत ज्ञान सीप र प्रविधिको परिचय दिन (ढिकी, जाँतो, ठेकी, मदानी, पानीघट्ट, आदि )<br>➢ घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गर्न<br>➢ घर तथा समुदायमा उत्पादन भवस्तुको बजारीकरण गर्ने तरिकासँग परिचित हुन<br>➢ वडाभित्रका धार्मिक स्थलहरूको सामान्य परिचय दिन । | ➢ नगरभित्रका पर्यटकीय स्थलहरूको परिचय दिन घोडाघोडी ताल, चिडिया ताल, बुटका बाबा, सीता कुवा, अस्नावाबा बुलबुले आदि)<br>➢ नगरपालिकाभित्रका कृषि पकेट क्षेत्रहरूको परिचय दिन<br>➢ नगरपालिकाभित्रका व्यापारिक केन्द्रहरू र विभिन्न सामग्री खरिद गर्ने स्थलहरूको परिचय दिन<br>➢ मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन तथा खेती गर्ने कार्यमा सहभागी हुन<br>➢ नगरपालिकाभित्र उत्पादन हुने नगदे बालीको परिचय दिन र प्रयोग भन्न<br>➢ हाम्रा नगरभित्रका धार्मिक स्थलहरूको संक्षिप्त परिचय दिन ।<br>➢ परम्परागत हस्तकला बनाउने सीपहरू (ढकिया, च्यौढी, डेलीया, हेल्का आदि)को अभ्यास गर्न<br>➢ स्थानीय परम्परागत ज्ञान सिप र प्रविधि प्रविधिको परिचय दिन ( कोल ,लह्रिया आदि ) |
| ४. स्वास्थ्य र खेलकुद | ➢ स्वस्थ र अस्वस्थ भोजन पहिचान गर्न र भिन्नता छुट्याउन<br>➢ स्वस्थकर खाना प्रयोग गर्ने तरिका भन्न र प्रयोग गर्न<br>➢ सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका भन्न तथा अभ्यास गर्न<br>➢ योग (सूर्य नमस्कार) अभ्यास गर्न<br>➢ स्थानीय खेलहरु( गट्टा, टिउरा आदि )को अभ्यास गर्न | ➢ प्राकृतिक खाना र कृत्रिम खानाको पहिचान गर्न उपयुक्त खानाको सेवन गर्न<br>➢ विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजा पहिचान गर्न<br>➢ विद्यालयमा स्वस्थ खाजा खान<br>➢ योगको महत्व भन्न र योगाभ्यास-कपालभाति, अनुलोम विलोम) गर्न<br>➢ स्थानीय खेलहरु( बाघचाल,राजापास आदि ) को अभ्यास गर्न |
| ५. विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | ➢ बाढीपहिरो, हावाहुरी, नदिकटान र आगलागीबाट हुने असर भन्न<br>➢ नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराको परिचय दिन तथा महत्व भन्न<br>➢ वडाको वनमा पाइने औषधिजन्य वनस्पतिको नाम भन्न<br>➢ विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी हुन<br>➢ वातावरण र विकासको परिचय दिन<br>➢ नगरपालिका क्षेत्रमा भएका जलस्रोतको परिचय दिन, उपयोग भन्न र आवश्यकताअनुसार प्रयोग गर्न<br>➢ फोहोरमैलाको वर्गीकरण , (ठोस, तरल र ग्यास) असर पहिचान र व्यवस्थापन गर्न<br>➢ वातावरण प्रदूषणको परिचय र स्थानीय अवस्थाको पहिचान गर्न | ➢ बाढीपहिरो, हावाहुरी, नदिकटान र आगलागीबाट बच्ने उपाय पहिचान गर्न तथा अवलम्बन गर्न<br>➢ नगरपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्व वर्णन गर्न<br>➢ विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी हुन<br>➢ नगरपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न<br>➢ नगरपालिका क्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असरहरू पहिचान गर्न |

| | | |
|---|---|---|
| | | |
| ६. जीवन उपयोगी सिप र मानव मूल्यमा आधारित शिक्षा | ➢ समाजका असल मानिसहरूको पहिचान गर्न<br>➢ समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिपहरू पहिचान गर्न र सिप विकासको अभ्यास गर्न<br>➢ जीवनमा लक्ष्य किटान गरी अघि बढ्ने सिप र बानीको अभ्यास गर्न । | ➢ नगरभित्रका असल मानिसहरूले गरेका कार्यहरू पहिचान गर्न र उक्त कार्यको अनुकरण गर्ने सिप र आचरणको विकास गर्न<br>➢ परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान तथा अभ्यास गर्न<br>➢ आफूसँग भएका सम्भावनाको स्वमूल्याङ्कन गरी सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न |
| ७. स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | ➢ आफ्नो विद्यालयका संस्थापक र हालको व्यक्तित्वहरू (संस्थापक अध्यक्ष, शि.अ. संघ अध्यक्ष र प्र.अ.) परिचय दिन<br>➢ वडाभित्र सञ्चालित शैक्षिक संस्थाहरूको परिचय दिन<br>➢ वडाभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूको सामान्य परिचय दिन र ती संस्थाहरूबाट प्राप्त हुने सेवाहरूसँग परिचित हुन तथा सेवा लिन<br>➢ शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने आफ्नो नजिकको स्थानीय व्यक्तित्वहरुको बारेमा जानकारी लिन | ➢ आफू अध्ययनरत  शैक्षिक संस्था स्थापना गर्ने व्यक्तित्वको परिचय दिन<br>➢ नगरभित्रका मुख्य सहकारी संस्थाहरूको छोटो परिचय दिन<br>➢ नगरपालिकाभित्रका वित्तीय संस्था तथा सहकारी संस्थाहरूको परिचय दिन<br>➢ वडाभित्रको सहकारी संस्थाले गर्ने कार्यहरू पहिचान गर्न<br>➢ नगरभित्रका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाहरूका प्रकारहरू उल्लेख गर्न |

## ४. विषयवस्तुको क्षेत्र र क्रम (कक्षा ४-५)

| क्षेत्र/एकाइ | कक्षा ४ | कार्य घण्टा | कक्षा ५ | कार्य घण्टा |
|---|---|---|---|---|
| १. हाम्रो घोडाघोडी | ➢ नगरपालिकाको भौगालिक अवस्था (सिमाना, क्षेत्रफल)<br>➢ नगरपालिकाभित्रका वडाको सङ्ख्या र वडा कार्यालयहरुको ठेगाना<br>➢ आफ्नो वडाभित्रका महत्वपूर्ण कार्यालयहरू ,स्थान र प्राकृतिक स्रोतको नाम र ठेगाना<br>➢ नगरपालिकाभित्रको जनसङ्ख्या (महिला र पुरुषको तथ्याङ्क )<br>➢ नगरपालिकाभित्रका मुख्य बाटाघाटाको पहिचान<br>➢ नगरपालिकाभित्र हुने आर्थिक क्रियाकलापका स्रोतहरुको सूचि | १५ | ➢ नगरपालिकाको नामाकरणको जानकारी<br>➢ आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थानहरू<br>➢ नगरपालिकाभित्र वडा अनुसारको घरधुरी संख्या र पेसागत विवरण<br>➢ नगरपालिकाभित्रका वडा अनुसारको जनसंख्या (महिला र पुरुष)<br>➢ नगरपालिकाभित्रका मुख्य आयस्रोतहरू | १५ |
| २. हाम्रो सामाजिक र सांस्कृतिक सम्पदा | ➢ आफ्ना नातेदार तथा आफन्तहरुको नाम, ठेगाना र र पारिवारिक रीतिरिवारिक रीतिरिवाज<br>➢ सामाजिक शिष्टाचार तथा नियमहरू<br>➢ आफूले मनाउने चाडपर्व (दशैं, माघी, तिहार,बिसु आदि) को परिचय<br>➢ आफूले मनाउने चाडपर्वको महत्व<br>➢ समुदायमा प्रचलित लोकगीत गाउने अभ्यास<br>➢ स्थानीयस्तरमा प्रचलित कुनै एक लोकबाजा तालमा बादन<br>➢ समुदायमा प्रचलित गीतमा हाउभाउसहित लोकनृत्य<br>➢ नगरपालिकाभित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको परिचय<br>➢ वडाभित्रका धार्मिक स्थलको सामान्य परिचय | २५ | ➢ नगरपालिकाभित्रका समुदायमा प्रचलित रीतिरिवाज र परम्पराको महत्व<br>➢ आफ्नो समुदायको जन्म तथा मृत्यु संस्कारको परिचय<br>➢ व्रतबन्ध, पुटबह्राउ गर्ने तरिका र महत्व<br>➢ विवाह संस्कारको परिचय दिन र महत्व<br>➢ माघी पर्वको ऐतिहासिक तथा सामाजिक महत्वको जानकारी दिन<br>➢ बुट्का बाबा मेलाको ऐतिहासिक महत्वको जानकारी<br>➢ कृष्णजन्माष्टमी(अस्टिम्की), अट्बारी, अनत्तर व्रतको परिचय र महत्व<br>➢ स्थानीयस्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउसहित गाउन र नृत्य<br>➢ स्थानीय प्रचलित कुनै दुई लोकबाजा बजाउने अभ्यास<br>➢ नगरपालिकाभित्रको सामाजिक, सांस्कृतिक, धार्मिक तथा जातिगत अवस्थाको महत्व<br>➢ नगरभित्रका धार्मिक स्थलको संक्षिप्त परिचय | २५ |

| | | | | |
|---|---|---|---|---|
| ३. हाम्रा स्थानीय पेसा, व्यवसाय, पर्यटन र आर्थिक क्रियाकलाप | ➢ स्थानीयस्तरमा निर्मित हस्तकलाका सामग्रीका नाम र निर्माणका लागि आवश्यक सामग्री र तिनको उपयोग (डोक्नी, पौवा, भौका, जाल डोको,नाङलो ढकिया आदि)<br>➢ स्थानीय परम्परागत ज्ञान सीप र प्रविधिको परिचय (ढिकी, जाँतो, कोल ठेकी मदानी ,पानीघट्ट आदि )<br>➢ घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान<br>➢ घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरिका | २५ | नगरभित्रका पर्यटकीय स्थलको परिचय ( घोडाघोडी, सिताकुण्ड, बुट्का बाबा, अस्नाबाबा चिडियाताल, बुलबुले आदि )<br>➢ नगरपालिकाभित्रका कृषि पकेट क्षेत्रहरूको परिचय<br>➢ नगरपालिकाभित्रका व्यापारिक केन्द्रहरू र विभिन्न सामग्री खरिद गर्ने स्थलको परिचय<br>➢ मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन र खेती गर्ने कार्यमा सहभागी<br>➢ नगरपालिकाभित्र उत्पादन हुने नगदे बालीको परिचय दिन र प्रयोग<br>➢ परम्परागत हस्तकला बनाउने सिपको अभ्यास<br>➢ स्थानीय परम्परागत ज्ञान सीप र प्रविधिको परिचय दिन (कोल, लह्रिया आदि ) | २५ |
| ४.स्वास्थ्य र खेलकुद | ➢ स्वस्थ र अस्वस्थ भोजन पहिचान र भिन्नता<br>➢ स्वस्थकर खाना प्रयोग गर्ने तरिका र प्रयोग<br>➢ सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका र अभ्यास<br>➢ योग (सूर्य नमस्कार ) अभ्यास<br>➢ स्थानीय खेलहरु( गट्टा, टिउरा आदी )को अभ्यास गर्न | १० | ➢ प्राकृतिक खाना र कृत्रिम खानाको पहिचान गर्न उपयुक्त खानाको सेवन<br>➢ विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजा पहिचान<br>➢ विद्यालयमा स्वस्थ खाजा<br>➢ योगको महत्व भन्न र योगाभ्यास (कलापभाती, अनुलोम विलोम)<br>➢ स्थानीय खेलहरु( बाघचाल,राजापास आदी ) को अभ्यास गर्न | १० |
| ५. विपद् व्यवस्थापन, वातावरण र हरित विद्यालय | ➢ बाढीपहिरो, हावाहुरी, नदिकटान र आगलागीबाट हुने असर<br>➢ नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराको परिचय र महत्व<br>➢ वडाको वनमा पाइने औषधिजन्य वनस्पति<br>➢ विद्यालयमा बाल बगैंचा र वृक्षारोपणमा सहभागी<br>➢ वातावरण र विकासको परिचय<br>➢ नगरपालिका क्षेत्रमा भएका पानीका स्रोतको परिचय, उपयोग र आवश्यकताअनुसार प्रयोग<br>➢ फोहोरमैलाको वर्गीकरण , (ठोस, तरल र ग्यास) असर पहिचान र व्यवस्थापन गर्न<br>➢ वातावरण प्रदूषणको परिचय र स्थानीय अवस्थाको पहिचान गर्न | ३३ | ➢ बाढीपहिरो, हावाहुरी, नदिकटान र आगलागीबाट बच्ने उपायहरू पहिचान गर्न र अवलम्बन<br>➢ नगरपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिहरूको उपयोग र महत्व<br>➢ विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैंचाको निर्माणमा सहभागी<br>➢ नगरपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान र अवलम्बन गर्न<br>➢ नगरपालिका क्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असरहरू पहिचान | ३३ |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ६.जीवन उपयोगी सिप र मानव मूल्यमा आधारित शिक्षा | ➢ समाजका असल मानिसहरूको पहिचान<br>➢ समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप पहिचान र सिप विकासको अभ्यास<br>➢ जीवनमा लक्ष्य किटान गरी अघि बढ्ने सिप र बानीको अभ्यास | १० | ➢ नगरभित्रका असल मानिसहरूले गरेका कार्य पहिचान र ती कार्यको अनुकरण गर्ने सिप र आचरणको विकास<br>➢ परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान तथा अभ्यास<br>➢ आफूसँग भएका सम्भावनाको स्वमूल्याङ्कन गरी सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास | १० |

| | | | | |
|---|---|---|---|---|
| ७.स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरू | ➢ आफ्नो विद्यालयका संस्थापक र हालका व्यक्तित्वहरु ( संस्थापक अध्यक्ष र शि.अ.संघ अध्यक्ष , प्र.अ.) परिचय<br>➢ वडाभित्र सञ्चालित शैक्षिक संस्थाको परिचय<br>➢ वडाभित्र सञ्चालित स्वास्थ्य संस्थाको सामान्य परिचय र ती संस्थाबाट प्राप्त हुने सेवा<br>➢ शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने आफ्नो नजिकको स्थानीय व्यक्तित्वहरुको बारेमा जानकारी | १० | ➢ आफू अध्ययनरत शैक्षिक संस्था स्थापना गर्ने व्यक्तित्वको परिचय दिन<br>➢ नगरभित्रका मुख्य सहकारी संस्थाहरूको छोटो परिचय दिन<br>➢ नगरपालिकाभित्रका वित्तीय संस्था तथा सहकारी संस्थाहरूको परिचय<br>➢ वडाभित्रको सहकारी संस्थाले गर्ने कार्यहरू पहिचान<br>➢ नगरभित्रका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाका प्रकार | १० |

# ५. विषयवस्तुको विस्तृतीकरण

## कक्षा ४

| क्र.सं. | क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु र विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो घोडाघोडी | ➢ घोडाघोडी नगरपालिकाको भौगालिक अवस्था ( सिमाना, क्षेत्रफल) भन्न<br>➢ नगरपालिकाभित्रका वडाहरूको सङ्ख्या र वडा कार्यालयहरुको ठेगाना भन्न<br>➢ आफ्नो वडाभित्रका महत्वपूर्ण कार्यालयहरू ,स्थान ,बाटाघाटा र प्राकृतिक स्रोतको नाम भन्न<br>➢ नगरपालिकाभित्रको जनसङ्ख्या (महिला र पुरुष) को तथ्याङ्क भन्न<br>➢ नगरपालिकाभित्रका मुख्य बाटाघाटा पहिचान गर्न<br>➢ नगरपालिकाभित्र हुने आर्थिक क्रियाकलापका स्रोतहरुको सूची | ➢ घोडाघोडीनगरपालिकाको भौगालिक अवस्था (सिमाना, क्षेत्रफल)<br>➢ नगरपालिकाभित्रका वडाहरूको सङ्ख्या, वडा कार्यालयहरूको ठेगाना<br>➢ आफ्नो वडाभित्रका महत्वपूर्ण कार्यालयहरू ,स्थान , बाटाघाटा र प्राकृतिक स्रोतको नाम<br>➢ नगरपालिकाभित्रको जनसङ्ख्या (महिला र पुरुषको तथ्याङ्क<br>➢ नगरपालिकाभित्रका मुख्य बाटाघाटा पहिचान<br>➢ नगरपालिकाभित्र हुने आर्थिक क्रियाकलापका | ➢ नेपाल र कैलाली जिल्लाको नक्सामा घोडाघोडी नगरपालिका पत्ता लगाउन लगाउने<br>➢ नगरपालिकाको नक्सामा विभिन्न तथ्य खोजी गर्न लगाउने । विभिन्न वडाहरू नक्सामा प्रर्दशन गरी क्षेत्रफल तथा सिमाना भन्ने<br>➢ घोडाघोडी नगरपालिकाको नक्सा प्रदर्शन गरी वडाहरूको अवस्थिति, वडाको सङ्ख्या र वडा कार्यालयको ठेगाना भन्ने<br>➢ आफ्नो वडाभित्रका महत्वपूर्ण कार्यालयहरू ,स्थान , बाटाघाटा र प्राकृतिक स्रोतहरु नक्सामा प्रर्दशन र छलफल<br>➢ नगरपालिकाभित्रको जनसङ्ख्याको तथ्याङ्क प्रस्तुत गर्दै (महिला र पुरुष) को तथ्याङ्कमा छलफल गर्ने<br>➢ नगरपालिकाभित्रका मुख्य बाटाघाटा पहिचान गराउने<br>➢ विद्यार्थीहरूलाई उनीहरूको घरमा कुन कुन सामग्रीको उत्पादनबाट | ➢ नेपाल र कैलाली जिल्लाको नक्शामा घोडाघोडी नगर पालिका पहिचान गर्न लगाएर<br>➢ नगरपालिकाको नक्सामा वडाहरू पहिचान गर्न लगाएर<br>➢ घोडाघोडी नगरकापालिकाको क्षेत्रफल तथा सिमाना भन्न लगाएर<br>➢ वडाहरूको अवस्थिति, वडाको सङ्ख्या र वडा कार्यालयको ठेगाना भन्न लगाएर<br>➢ वडाभित्रका महत्वपूर्ण कार्यालयहरू ,स्थान , बाटाघाटा र प्राकृतिक स्रोतहरुबारे सोधेर<br>➢ नगरपालिकाभित्रको जनसङ्ख्या ( महिला र पुरुष)को भन्न लगाएर<br>➢ नगरपालिकाभित्रका मुख्य बाटाघाटा भन्न लगाएर<br>➢ नगरपालिकाभित्र आम्दानी हुने स्रोत भन्न लगाएर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तयार गर्न | स्रोतहरु | के के आम्दानी हुन्छ भन्नेबारेमा भन्न लगाउने<br>➢ नगरपालिकाभित्र कुन कुन कार्य गर्दा आर्थिक पक्षमा टेवा पुगेको छ भन्ने बारेमा छलफल गराउने जस्तैः अन्नबाली उत्पादन, तरकारी खेती, फलफूल खेती, वनपैदावार, पर्यटकीय स्थल आदि | | |
| २ | हाम्रो संस्कार र संस्कृति | ➢ आफ्ना नातेदार तथा आफन्तहरूको नाम, ठेगाना र पारिवारिक रीतिरिवाज भन्न<br>➢ सामाजिक शिष्टाचार तथा नियमहरूको पालना गर्न<br>➢ आफूले मनाउने चाडपर्व (दशैं, माघी, तिहार,बिसु आदि ) को परिचय दिन<br>➢ आफूले मनाउने चाडपर्वको महत्वको भन्न<br>➢ माघी/बिसु पर्वको परिचय दिन<br>➢ समुदायमा प्रचलित लोकगीत गाउने अभ्यास गर्न<br>➢ स्थानीयस्तरमा प्रचलित कुनै एक लोकबाजा तालमा बजाउन | ➢ आफ्ना नातेदार तथा आफन्तहरूको नाम, ठेगाना र पारिवारिक रीतिरिवाज<br>➢ सामाजिक शिष्टाचार तथा नियम<br>➢ आफूले मनाउने चाडपर्व (दशैं, माघी, तिहार, बिसु आदि )<br>➢ आफूले मनाउने चाडपर्वको महत्व<br>➢ माघी/बिसु मेलाको परिचय<br>➢ समुदायमा प्रचलित लोकगीत गाउने अभ्यास<br>➢ स्थानीयस्तरमा प्रचलित कुनै एक लोकबाजा तालमा | ➢ विद्यार्थीलाई आ-आफ्नो नातेदार र आफन्तहरु को को हुनुहुन्छ सोधी नाम ठेगाना र आफ्नो पारिवारिक रीतिरिवाज भन्न लगाउने<br>➢ सामाजिक शिष्टाचार तथा नियमको जानकारी गराउने र पालना गर्न लगाउने<br>➢ आफूले मनाउने चाडपर्व (दशैं, माघी, तिहार ,बिसु आदि ) मा गरिने क्रियाकलाप भन्न लगाउने (जस्तैः, क्रियाकलाप आदि)<br>➢ चित्र तथा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी उल्लेखित चाडपर्वको जानकारी दिने र तिनको महत्व प्रष्ट पार्ने<br>➢ आफूले मनाउने चाडपर्वको महत्वको भन्न लगाउने<br>➢ माघी/बिसु मेलामा गरिने क्रियाकलाप छलफल गराउने<br>➢ समुदायमा प्रचलित लोकगीत पहिचान गराउने र मुख्य मुख्य लोकगीत गाउने अभ्यास गराउने<br>➢ स्थानीयस्तरमा प्रचलित लोकबाजा पहिचान गराउने र ती बाजामध्ये बढी | ➢ आफ्ना नातेदारका नाम, ठेगाना र पारिवारिक रीतिरिवाज भन्न लगाएर<br>➢ सामाजिक शिष्टाचार तथा नियमको पालना गरे नगरेको अवलोकन गरेर<br>➢ आफूले मनाउने चाडपर्व (दशैं, माघी, तिहार,बिसु आदि/)का परिकार, पोसाक क्रियाकलाप भन्न लगाएर<br>➢ चाडपर्वको महत्वको भन्न लगाएर<br>➢ माघी मेला र बिसु पर्वमा गरिने क्रियाकलाप भन्न लगाएर<br>➢ प्रचलित लोकगीत गाएको अवलोकन गरेर<br>➢ बढी प्रचलित लोकबाजा बजाएको अवलोकन गरेर | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ➢ समुदायमा प्रचलित लोकगीतमा हाउभाउसहित नृत्य गर्न | बादन<br>➢ समुदायमा प्रचलित लोक गीतमा हाउभाउसहित नृत्य | प्रचलित लोकबाजा तालमा बजाउने अभ्यास गराउने<br>➢ समुदायमा प्रचलित लोकगीतमा हाउभाउसहित नृत्य गराउने | ➢ हाउभाउसहित लोक नृत्य गरेको अवलोकन गरेर | |
| ३ | हाम्रा स्थानीय पेसा, व्यवसाय, पर्यटन र आर्थिक क्रियाकलाप | ➢ स्थानीयस्तरमा निर्मित हस्तकलाका सामग्रीका नाम र निर्माणका लागि आवश्यक सामग्री र उपयोग भन्न (डोक्नी, पैवा, भौका, जाल डोको, ढकिया नाङ्लो आदि )<br>➢ स्थानीय परम्परागत प्रविधिको परिचय दिन (ढिकी, जाँतो, कोल ठेकी, मदानी आदि )<br>➢ घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गर्न<br>➢ घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने | ➢ स्थानीयस्तरमा निर्मित हस्तकलाका सामग्रीका नाम र निर्माणका लागि आवश्यक सामग्री र उपयोग (डोक्नी, पौवा, भौका, जाल, डोको, ढकिया नाङ्लो आदि )<br>➢ स्थानीय परम्परागत प्रविधिको परिचय (ढिकी, जाँतो, कोल, ठेकी ,मदानी , आदि )<br>➢ घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान<br>➢ घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण | ➢ विद्यार्थीलाई आआफ्नो घरमा हस्तकलाको माध्यमबाट बनेका सामग्री भन्न लगाउने<br>➢ चित्रद्वारा स्थानीयस्तरमा निर्मित हस्तकलाका सामग्रीका नाम र निर्माणका लागि आवश्यक सामग्री र प्रयोजन भन्ने (डोक्नी, पौवा, भौका, जाल डोको, ढकिया नाङ्लो आदि )<br>➢ हस्तकलाबाट स्थानीयस्तरमा निर्माण गर्न सकिने उल्लेखित सामग्री निर्माण गर्ने स्थानीय स्रोतव्यक्तिलाई आमन्त्रण गरी उक्त सामग्री निर्माण गर्न लगाउने र विद्यार्थीलाई अवलोकन गर्न लगाउने ।<br>➢ कुन सामग्री कसरी निर्माण गरींदो रहेछ ? विवरण तयार गर्न लगाई रेखाङ्कन गर्न लगाई प्रस्तुत गर्न लगाउने<br>➢ स्थानीय परम्परागत प्रविधिको परिचय दिने (ढिकी, जाँतो, कोल, ठेकी, मदानी, आदि)<br>➢ विद्यार्थीलाई परम्परागत प्रविधि भएको स्थानमा भ्रमण गराई तिनीहरूको बारेमा जानकारी गराउने<br>➢ घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गराउने<br>➢ घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरिकामा | ➢ स्थानीय हस्तकलाका सामग्रीको सूची निर्माण गर्न लगाएर<br>➢ आफ्नो घरमा भएका हस्तकलाका सामग्रीको सूची बनाउन लगाएर<br>➢ समान्य हस्तकलाको सिप प्रर्दशन गरेको अवलोकन गरेर<br>➢ स्थानीय परम्परागत प्रविधिको परिचय सोधेर (ढिकी, जाँतो, कोल, ठेकी, मदानी, पानीघट्ट आदि)<br>➢ घर तथा स्थानीय समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गर्न लगाएर<br>➢ घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरिकामा छलफल गराउने र बिक्री वितरण गर्ने स्थानको जानकारी गराउने<br>➢ घर तथा समुदायमा उत्पादन भएका वस्तुको बजारीकरण गर्ने तरिकामा | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | तरिकासँग परिचित हुन<br>➢<br>➢ वडाभित्रका धार्मिक स्थलहरूको सामान्य परिचय दिन । | गर्ने तरिका<br>➢<br>➢ वडाभित्रका धार्मिक स्थलहरूको सामान्य परिचय | छलफल गराउने र बिक्री वितरण गर्ने स्थानको जानकारी गराउने<br>➢ वडाभित्रका धार्मिक स्थलको सामान्य जानकारी गराउने र कुनै एक धार्मिक स्थलको भ्रमण गराई उक्त धार्मिक स्थलको अवलोकन गराई सिकेका कुरालाई कक्षामा प्रस्तुत गर्न लगाउने | छलफल गराउने र बिक्री वितरण गर्ने स्थानको जानकारी गराउने<br>➢ स्थानीय धार्मिक स्थलको नाम र अवस्थिति झल्किने तालिका निर्माण गर्न लगाएर<br>➢ आफ्नो घर नजिकै रहेको धार्मिक स्थलको बारेमा लेखेको लेख परीक्षण गरेर<br>➢ कुनै नजिकको धार्मिक स्थलको बारेमा सिकेको कुराहरू प्रतिविम्बन गर्न लगाएर | |
| ४ | स्वास्थ्य, पोषण र सरसफाइ | ➢ स्वस्थ र अस्वस्थ भोजन पहिचान गर्न र भिन्नता छुट्याउन<br>➢ स्वस्थकर खाना प्रयोग गर्ने तरिका भन्न र प्रयोग गर्न<br>➢ सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका भन्न र अभ्यास गर्न<br>➢ स्थानीय खेलहरु( गट्टा, टिउरा आदि )को अभ्यास गर्न | ➢ स्वस्थ र अस्वस्थ भोजन पहिचान गर्न र भिन्नता<br>➢ स्वस्थकर खाना प्रयोग गर्ने तरिका<br>➢ सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका र अभ्यास<br>➢ स्थानीय खेलहरु( गट्टा, टिउरा आदि ) | ➢ स्वस्थ भोजनका फाइदा र अस्वस्थकर भोजनले पुऱ्याउने नोक्सान बारे छलफल गराउने<br>➢ हामीले खाने कुन कुन खानामा भिटामिन, प्रोटिन, कार्बोहाइड्रेट पाइन्छ भनी छलफल गराउने<br>➢ स्वस्थकर खानाका फाइदा र अस्वस्थकर खानाका बेफाइदाको सूची बनाइ छलफल गराउने ।<br>➢ सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका र अभ्यास गराउने, सो सम्वन्धमा छलफल प्रर्दशन गर्ने<br>➢ परम्परागत खेलहरु गट्टा टिउरा आदि खेलहरु खेलाउने तथा सो को अभ्यास गर्न लगाउने | ➢ स्वस्थ र अस्वस्थ भोजनका फाइदा बेफाइदा भन्न लगाएर<br>➢ स्वस्थ र अस्वस्थ भोजनको सूची बनाउन लगाएर<br>➢ खानालाई सुरक्षित राख्ने तरिका भन्न लगाएर<br>➢ सही किसिमले उठ्ने, बस्ने र सुत्ने तरिका भन्न लगाएर<br>➢ स्थानीय खेलहरु( गट्टा, टिउरा आदि) कसरी खेल्ने भनेर भन्न लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | प्रकोप, वातावरण र हरित विद्यालय | ➢ बाढीपहिरो, हावाहुरी, नदिकटान र आगलागीबाट हुने असर भन्न<br><br>➢ नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराको परिचय दिन र महत्व भन्न<br><br>➢ वडाको वनमा पाइने औषधिजन्य वनस्पतिको नाम भन्न | ➢ बाढीपहिरो, हावाहुरी, नदिकटान र आगलागीबाट हुने असर<br>➢ बाढी र आगलागीबाट हुने असरहरू<br><br>➢ नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु र चराको परिचय दिन र महत्व<br><br>➢ वडाको वनमा पाइने औषधिजन्य वनस्पति | ➢ बाढीपहिरो, हावाहुरी, नदिकटान र आगलागीबाट हुने असरबारे छलफल गराउने<br>➢ नक्सा प्रयोग गरी प्रकोप जोखिमका स्थानीय क्षेत्रहरू पहिचान गर्न लगाउने र बाढी तथा आगलागीबाट हुने असरहरूको बारेमा चित्र तथा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी दिने<br>➢ विद्यार्थीहरूलाई स्थानीयस्तरमा देखेका वन्यजन्तु तथा चराहरूको नाम र महत्वबारे छलफल<br>➢ नगरपालिकाभित्रका वनमा भएका वन्यजन्तु तथा चराको बारे मा अवलोकन, चित्र, भिडियो प्रदर्शन आदिको माध्यमबाट परिचय दिने<br>➢ नगरपालिकाभित्रका वनमा रहेका वन्यजन्तु तथा चराको महत्व सम्बन्धमा छलफल गराउने र आवश्यक पृष्ठपोषण प्रदान गर्ने<br>➢ आफू बस्ने वडाका वनको पहिचान गराउने<br>➢ वडामा भएका वनमा पाइने औषधिजन्य वनस्पतिको बारेमा चित्र, भिडियो, अवलोकनद्वारा पहिचान गराउने र तिनीहरूको उपयोगमा छलफल गराउने | ➢ बाढीपहिरो, हावाहुरी, नदिकटान र आगलागीबाट हुने असरबारे सोधेर<br>➢ बाढी तथा आगलागीबाट हुने असर भन्न लगाएर<br><br>➢ नगरपालिकाभित्रका वनमा भएका वन्यजन्तु तथा चराको नाम र महत्व भन्न लगाएर<br>➢ नगरपालिकाभित्रका वनमा भएका वन्यजन्तु तथा चराको महत्व भन्न लगाएर<br><br>➢ वडाका वनमा भएका औषधिजन्य वनस्पतिको नाम सोधेर<br>➢ विद्यालयको बालबगैँचा निर्माणमा सहयोग गरे नगरेको अवलोकन गरेर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ➢ विद्यालयमा बालबगैँचा निर्माण र वृक्षारोपणमा सहभागी हुन | ➢ विद्यालयमा बालबगैँचा निर्माण र वृक्षारोपणमा सहभागिता | ➢ विद्यार्थीहरूलाई विद्यालयमा बालबगैँचा निर्माणमा सहभागी गराउने<br>➢ विद्यालयभित्र तथा विद्यालय वरपर वृक्षारोपणमा विद्यार्थीलाई सहभागी गराउने र वृक्षारोपण गर्दा हुने फाइदाको बारेमा जानकारी दिने | ➢ विद्यालयको वृक्षारोपण कार्यमा सहभागी भए नभएको अवलोकन गरेर<br>➢ वातावरण र विकासको परिचय दिन लगाएर | |
| | | ➢ वातावरण र विकासको परिचय दिन | ➢ वातावरण र विकासको परिचय | ➢ वरपर भएका सजीव र निर्जीव वस्तुको समग्रतालाई वातावरणको रूपमा परिचय गराउने | ➢ वातावरण र विकासको परिचय दिन लगाएर | |
| | | ➢ नगरपालिका क्षेत्रमा भएका जलस्रोतको परिचय दिन र उपयोग भन्न | ➢ नगरपालिका क्षेत्रमा भएका जलस्रोतको परिचय र उपयोग | ➢ नगरपालिका क्षेत्रमा भएका जलस्रोतको परिचय र उपयोगबारे छलफल गराउने | ➢ नगरपालिकाभित्र भएका जलस्रोतको परिचय र उपयोग भन्न लगाएर<br>➢ पानीको मितव्ययी तरिकाले प्रयोग गरे नगरेको अवलोकन गरेर | |
| | | ➢ फोहोरमैलाको वर्गीकरण , (ठोस, तरल र ग्यास) असर पहिचान र व्यवस्थापन गर्न<br>➢ वातावरण प्रदूषणको परिचय र स्थानीय अवस्थाको पहिचान गर्न | ➢ फोहोरमैलाको वर्गीकरण , (ठोस, तरल र ग्यास) असर पहिचान र व्यवस्थापन<br>➢ वातावरण प्रदूषणको परिचय र स्थानीय अवस्थाको पहिचान | ➢ फोहोरमैलाको वर्गीकरण , (ठोस, तरल र ग्यास) असर पहिचान र व्यवस्थापनबारे भन्न लगाउने<br>➢ वातावरण प्रदूषणको परिचय दिन लगाउने<br>➢ घर तथा विद्यालय वरपर भएका फोहोर वस्तुको पहिचान गर्न लगाउने | ➢ फोहोरमैलाको वर्गीकरण , (ठोस, तरल र ग्यास) असर पहिचान र व्यवस्थापनबाारे सोधेर<br>➢ वातावरण प्रदूषणको परिचय दिन लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | जीवन उपयोगी सिप र मानव मूल्यमा आधारित शिक्षा | ➢ समाजका असल मानिसहरूको पहिचान गर्न<br><br>➢ समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिप पहिचान र सिप विकासको अभ्यास<br>➢ जीवनमा लक्ष्य किटान गरी अघि बढ्ने सिप र बानीको अभ्यास | ➢ समाजका असल मानिसहरूको पहिचान<br><br>➢ समाजका असल मानिसले गरेका कार्यहरू पहिचान र समाजको असल नागरिक हुनका लागि आवश्यक पन सिप विकासको अभ्यास<br>➢ जीवनमा लक्ष्य किटान गरी अघि बढ्ने सिप | ➢ समाजका असल मानिसहरूले गरेका कार्यहरू श्रव्यदृश्य सामग्री वा अन्य माध्यमबाट देखाउने सुनाउने<br>➢ समाजका असल मानिसले गरेका कार्यको अनुकरण गर्ने अभ्यास गराउने<br>➢ कथा, भिडियो एनिमेसनको माध्यमबाट सहयोग र स्वयंसेवाको भावना जगाउने<br>➢ विपद्मा परेका र बिरामीलाई सेवा गर्न उत्प्रेरित गर्ने<br>➢ सफल र विश्व, स्थानीय, राष्ट्रिय,प्रसिद्ध स्वयंसेवा गर्ने व्यक्तित्वको आत्मवृत्तान्तका केही अंश सुनाउने<br>➢ समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने सिपको उदाहरणसहित प्रष्ट पार्ने<br>➢ विद्यार्थीलाई जीवनमा लक्ष्य किटान गर्न र त्यसका लागि गनुपर्ने काम भन्न लगाउने र लक्ष्य पूरा गर्न अघि बढ्न उत्प्रेरित गर्ने | ➢ समाजका असल मानिसले गरेका कार्यहरू भन्न लगाएर<br><br>➢ सहयोग गरेको अवलोकन गरेर<br>➢ समाजको असल नागरिक हुनका लागि आवश्यक पर्ने कुरा भन्न लगाएर<br>➢ विद्यार्थीलाई जीवनको लक्ष्य र त्यसका लागि गनुपर्ने काम भन्न लगाएर<br>➢ लक्ष्य प्राप्तीका लागि हुन सक्ने बाधा अवरोधहरु र तिनलाई हटाउन  गरिएको प्रयासहरु वारे छलफल गराएर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | स्थानीय व्यक्तित्व र सामाजिक संस्था | ➢ आफ्नो विद्यालयको स्थापना गर्ने र हालका व्यक्तित्वहरु ( संस्थापक अध्यक्ष र शि.अ.सङ्घ अध्यक्ष ,प्रधानाध्यापक)को परिचय दिन | ➢ आफ्नो विद्यालयको स्थापना गर्ने र हालका व्यक्तित्वहरु ( संस्थापक अध्यक्ष र शि.अ.सङ्घ अध्यक्ष ,प्रधानाध्यापक)को परिचय | ➢ आफ्नो विद्यालयको स्थापना गर्ने र हालका व्यक्तित्वहरु (संस्थापक अध्यक्ष र शि.अ.सङ्घ अध्यक्ष ,प्रधानाध्यापक)को फोटोसहितको संक्षिप्त जीवनीको चार्ट प्रर्दशन गर्दै उनीहरूले पुऱ्याएको योगदान भन्ने<br>➢ विद्यालयको संस्थापकहरूलाई बोलाई उनले गरेका कार्यहरूको जानकारी दिन लगाउने | ➢ आफ्नो विद्यालयको स्थापना गर्ने र हालका व्यक्तित्वहरु (संस्थापक अध्यक्ष र शि.अ.सङ्घ अध्यक्ष ,प्रधानाध्यापक) ले पुऱ्याएका योगदान भन्न लगाएर | १० |
| | | ➢ वडाभित्र सञ्चालित शैक्षिक संस्थाहरूको परिचय दिन | ➢ वडाभित्र सञ्चालित शैक्षिक संस्थाहरूको परिचय | ➢ वडाभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाको जानकारी गराउने साथै ती संस्थाबाट प्रदान गरिने सेवाको बारेमा सम्बन्धित संस्थाको भ्रमण गरी वा संस्थाका व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी जानकारी गराउन लगाउने | ➢ वडाभित्र सञ्चालनमा रहेको शैक्षिक संस्थाको परिचय र प्रदान गर्ने सेवा भन्न लगाएर | |
| | | ➢ वडाभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूको सामान्य परिचय दिन र ती संस्थाबाट प्राप्त हुने सेवाहरूसँग परिचित हुन र सेवा लिन | ➢ नगरभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूको सामान्य परिचय र ती संस्थाबाट प्राप्त हुने सेवा | ➢ नगरभित्रका स्वास्थ्य संस्थाको भ्रमण गरी वा संस्थाका पदाधिकारीलाई आमन्त्रण गरी उक्त संस्थाले प्रदान गर्दै आएका सेवाको जानकारी गराउने<br>➢ उक्त संस्थाबाट आवश्यकताअनुसार सेवा लिन सकिने कुराको जानकारी गराउने | ➢ नगरभित्रका स्वास्थ्य संस्थाले प्रदान गर्दै आएका सेवाहरूको जानकारी गराउने | |
| | | ➢ शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने आफ्नो नजिकको स्थानीय व्यक्तित्वहरुको वारेमा जानकारी लिन | ➢ शिक्षा क्षेत्रमा योगदान पुऱ्याउने आफ्नो नजिकको स्थानीय व्यक्तित्वहरुको वारेमा जानकारी | ➢ आफ्नो स्थानीय शैक्षिक व्यक्तित्वको वारेमा विद्यार्थीहरुलाई जानकारी गराउने र उनीहरुले शिक्षा क्षेत्रमा पुऱ्याएको योगदान वारे जानकारी गराउने । | ➢ शैक्षिक व्यक्तित्वले गर्नु भए असल कार्यहरू भन्न लगाएर | |

## कक्षा ५

| क्रस | क्षेत्र/एकाइ | सिकाइ उपलब्धि | मुख्य विषयवस्तु | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | कार्य घण्टा |
|---|---|---|---|---|---|---|
| १ | हाम्रो घोडाघोडी | ➢ नगरपालिकाको नामकरणको जानकारी दिन<br><br>➢ आफू बस्ने वडाको नक्सा कोर्न र नक्सामा मुख्य मुख्य स्थानहरू देखाउन<br><br>➢ नगरपालिकाभित्र वडाअनुसारको घरधुरी सङ्ख्या र पेसागत विवरण भन्न<br>➢ नगरपालिकाभित्रका वडाअनुसारको जनसङ्ख्या ( महिला र पुरुष) भन्न<br>➢ आफ्नो नगरपालिकाको | ➢ नगरपालिकाको नामकरणको जानकारी<br><br>➢ आफू बस्ने वडाको नक्सा निर्माण र नक्सामा मुख्य मुख्य स्थानहरू<br><br>➢ नगरपालिका भित्र वडा अनुसारको घरधुरी सङ्ख्या र पेसागत विवरण<br>➢ नगरपालिका भित्रका वडा अनुसारको जनसङ्ख्या ( महिला र पुरुष)<br>➢ नगरपालिकाको आयस्रोत | ➢ घोडाघोडी नगरपालिकाको नामकरण रहनुको कारण भन्न लगाउने<br>➢ पुराना पुर्खा, विद्वान तथा जानकारलाई स्रोतव्यक्तिको रूपमा आमन्त्रण गरी नगरपालिकाको नामाकरणसम्बन्धी छलफल गराउने<br>➢ नक्सा, Google Earth को प्रयोग गरी क्षेत्रफल नगरपालिकाको उचाइ र सिमाना बारेमा छलफल गराउने<br>➢ उपलब्ध सन्दर्भ सामग्री, विभिन्न पत्रपत्रिका, स्मारिका र अन्य श्रव्यदृश्य सामग्रीको उपयोग गरी चित्रात्मक विधिबाट नगरपालिकामा बसोबास गर्ने जातिको जनसङ्ख्या प्रस्तुत गरी छलफल गराउने<br>➢ नक्सा निर्माण गर्ने सरल विधिः कार्बन पेपर, ट्रेसिङ, वर्ग, ग्राफ वा अन्य विधिबाट वडाको नक्सा उतार गर्ने अभ्यास गराउने<br>➢ नगरपालिका भित्र वडा अनुसारको घरधुरी सङ्ख्या र पेसागत विवरण प्रस्तुति गर्ने<br><br>➢ नगरपालिका भित्रका वडा अनुसारको जनसङ्ख्या (महिला र पुरुष) तालिका | ➢ घोडाघोडी नगरपालिकाको नामकरण रहनुको कारण सोधेर<br><br>➢ नगरपालिकाको क्षेत्रफल, उचाइ र सिमाना भन्न लगाएर<br>➢ नक्सा कोरेको अवलोकन गरेर<br>➢ कोरिएको नक्सामा नगरपालिकाको बस्ती वा सहर, उचाइ, वनजङ्गल सहीढङ्गले राखे नराखेको अवलोकन गरेर<br>➢ नगरपालिका वडाअनुसारको महिला र पुरुषको जनसङ्ख्या भन्न लगाएर<br><br>➢ नगरपालिका भित्र वडा अनुसारको घरधुरी सङ्ख्या र पेसागत विवरण सोधेर | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रमुख आयस्रोत पहिचान गर्न | | प्रस्तुत गर्ने<br>➢ घरमा आम्दानीका स्रोत पहिचान गर्न लगाउने<br>➢ वडा तथा नगरपालिकाका पदाधिकारीलाई आमन्त्रण गरी आम्दानीका स्रोत भन्न लगाउने र आम्दानीको खर्च हुने क्षेत्रसमेत भन्न लगाउने | ➢ नगरपालिका भित्रका वडा अनुसारको जनसङ्ख्या ( महिला र पुरुष) सोधेर<br>➢ वडा तथा नगरपालिकाको मुख्य आयस्रोत भन्न लगाएर | |
| २ | हाम्रो संस्कार र संस्कृति | ➢ नगरपालिका भित्रका समुदायको प्रचलित रीतिरिवाज तथा परम्पराको महत्व भन्न<br>➢ आफ्नो समुदायको जन्म तथा मृत्यु संस्कारको परिचय दिन<br>➢ व्रतबन्ध, चुडाकर्म, पुट बह्राउ गर्ने तरिका र महत्व भन्न<br>➢ विवाह संस्कारको परिचय दिन र महत्व भन्न<br>➢ माघी पर्वको ऐतिहासिक तथा सामाजिक महत्वको जानकारी दिन<br>➢ कृष्णाष्टमी(अस्टिम्की), अट्बारी र अनत्ता व्रतको | ➢ नगरपालिका भित्रका समुदायको प्रचलित रीतिरिवाज र परम्पराको महत्व<br>➢ आफ्नो समुदायको जन्म तथा मृत्यु संस्कारको परिचय<br>➢ व्रतबन्ध, चुडाकर्म ,पुट बह्राउ गर्ने तरिका र महत्व<br>➢ विवाह संस्कारको परिचय दिन र महत्व<br>➢ माघी पर्वको ऐतिहासिक सामाजिक महत्वको जानकारी | ➢ हाम्रो समुदायमा रहेको रीतिरिवाज, संस्कारको बारेमा समूह बनाई छलफल गर्न लगाउने<br>➢ आफ्नो समुदायको जन्म तथा मृत्यु संस्कारको परिचय दिन लगाउने<br>➢ हाम्रा संस्कारहरू जन्म, व्रतवन्ध वा पुटबह्राउ, विवाह र मृत्यु संस्कारका बारेमा आफ्ना अभिभावकसँग सोधखोज गर्ने परियोजना कार्य दिने तथा कक्षामा मौखिक प्रस्तुत गर्न लगाउने<br>➢ उल्लेखित पक्षहरूको बारेमा शिक्षकले थप पृष्ठपोषण दिने<br>➢ माघी पर्वको परिचय, महत्व, लाग्ने स्थानहरू र गरिने क्रियाकलापका बारेमा छलफल गराउने<br>➢ माघी पर्वको अवसरमा लाग्ने मेला को महत्व र सम्बन्धका बारेमा भन्न लगाउन<br>➢ माघी पर्वको अवसरमा लाग्ने मेलामा विद्यार्थीहरूलाई सहभागी गराउने र विद्यार्थीलाई उक्त मेलामा गरिएका क्रियाकलापको टिपोट बनाई कक्षामा प्रस्तुत गर्न लगाउने | ➢ समुदायमा रहेका रीतिरिवाज, संस्कार (जन्म, व्रतवन्ध वा चुडाकर्म, विवाह र मृत्यु संस्कारको परिचय दिन र महत्व भन्न लगाएर<br>➢ माघी पर्वमा लाग्ने मेलाको परिचय, महत्व, लाग्ने स्थानहरू र गरिने क्रियाकलाप प्रस्तुत गर्न लगाएर<br>➢ माघी पर्व र मेला सम्बन्ध भन्न लगाएर | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | परिचय र महत्व भन्न<br><br>➢ बुट्का बाबा मेलाको ऐतिहासिक महत्वको जानकारी दिन<br><br>➢ स्थानीयस्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउसहित गाउन र नृत्य गर्न<br>➢ नगरभित्रका धार्मिक स्थलको संक्षिप्त परिचय दिन | ➢ कृष्णाष्टमी(अस्टिम्की), अट्बारी र अनत्ता व्रतको परिचय र महत्व<br>➢ बुट्का बाबा मेलाको ऐतिहासिक महत्वको जानकारी दिन<br><br>➢ स्थानीयस्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउसहित गायन र नृत्य<br>➢ नगरभित्रका धार्मिक स्थलको संक्षिप्त परिचय | ➢ माघी  मेला बारे स्थानीय अभिभावक तथा स्थानीय स्रोतव्यक्तिसँग अन्तरक्रिया गराउने<br>➢ कृष्णाष्टमी (अस्टिम्की), अट्बारी र अनत्ता व्रतको परिचय र महत्व भन्न लगाउने<br><br>➢ बुट्कावावा/अस्नावावाको ऐतिहासिकताका बारेमा छलफल गराउने<br>➢ बुट्कावावा/अस्नावावा मेलामा हुने गरेका क्रियाकलाप बारे आफ्ना अभिभावक वा सो मेला बारे जानकार संग सोधपुछ गरी उक्त मेलामा हुने गरेका क्रियाकलाप बारे कक्षामा प्रस्तुत गर्न लगाउने<br>➢ स्रोत व्यक्ति वा श्रव्यदृश्य सामग्री प्रयोग गरी स्थानीयस्तरमा प्रचलित मुख्य लोकगीतमा हाउभाउसहित गायन र नृत्य अभ्यास गराउने<br>➢ नगरभित्रका धार्मिक स्थलको संक्षिप्त परिचय दिने | ➢ कृष्णाष्टमी (अस्टिम्की, अट्बारी, व्रतको परिचय र महत्व भन्न लगाएर<br><br>➢ बुट्कावावा/अस्नावावा मेलाको ऐतिहासिकताको वर्णन गर्न लगाएर<br><br>➢ स्थानीयस्तरका प्रचलित मुख्य लोकगीत हाउभाउसहित गाएको अवलोकन गरेर<br>➢ नगरभित्रका धार्मिक स्थलको संक्षिप्त परिचय दिन लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | हाम्रा स्थानीय पेसा, व्यवसाय पर्यटन र आर्थिक क्रियाकलाप | ➢ नगरभित्रका पर्यटकीय स्थलको परिचय दिन ( घोडाघोडी ताल, सीताकुवा मन्दिर,बुटकाबाबा, चिडिया ताल, बुलबुले आदि )<br>➢ नगरपालिकाभित्रका कृषि पकेट क्षेत्रहरूको परिचय दिन<br>➢ नगरपालिकाभित्रका व्यापारिक केन्द्रहरू र विभिन्न सामग्री खरिद गर्ने स्थलहरूको परिचय दिन<br>➢ मौसमी र बेमौसमी तरकारी खेतीको परिचय दिन तथा खेती गर्ने कार्यमा सहभागी हुन<br>➢ नगरपालिकाभित्र | ➢ नगरभित्रका पर्यटकीय स्थलहरूको परिचय ( घोडाघोडी ताल, सीताकुवा मन्दिर,बुटकावावा, चिडिया ताल, बुलबुले आदि)<br>➢ नगरपालिकाभित्रका कृषि पकेट क्षेत्रको परिचय<br>➢ नगरपालिका भित्रका व्यापारिक केन्द्र र विभिन्न सामग्री खरिद गर्ने स्थलको परिचय<br>➢ मौसमी र बेमौसमी तरकारी खेतीको परिचय खेती गर्ने कार्यमा सहभागिता<br>➢ नगरपालिका भित्र | ➢ घोडाघोडी ताल, सीताकुवा मन्दिर,बुटका वावा, चिडिया ताल, बुलबुले क्षेत्रका बारेमा स्थानीय जानकार व्यक्तिसँग छलफल र अन्तरक्रिया गर्न लगाउने<br>➢ नगरपालिकाको पर्यटकीय क्षेत्रहरूको अवलोकन भ्रमण गराई सोको महत्व र सम्भावनाका बारेमा छलफल र प्रश्नोत्तर गर्ने गराउने<br>➢ घोडाघोडी नगरपालिका क्षेत्रभित्रका कृषि पकेट क्षेत्रको बारेमा श्रव्यदृश्य सामग्रीको प्रर्दशन गरी जानकारी गराउने ।<br>➢ घोडाघोडी न<br>➢ गरपालिको नक्सामा कृषि पकेट क्षेत्र देखाउन लगाउने साथै उक्त क्षेत्रको भ्रमण गराई अवलोकन गर्न लगाउने र मुख्य मुख्य टिपोट प्रस्तुत गर्न लगाउने तथा शिक्षकले आवश्यक पृष्ठपोषण दिने<br>➢ नगरपालिका भित्रका व्यापारिक केन्द्र र विभिन्न सामग्री खरिद गर्ने स्थलको परिचय दिन लगाउने<br>➢ चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट मौसमी र बेमौसमी तरकारी खेतीको छोटो परिचय दिने<br>➢ मौसमी र बेमौसमी तरकारी खेतीका फाइदा र बेफाइदाका बारेमा छलफल गर्ने तथा यी तरकारी खेती गर्ने तरिकासम्बन्धी तयार गरिएको श्रव्यदृश्य सामग्री प्रदर्शन गर्ने<br>➢ उक्त तरकारी खेती गर्न घरमा | ➢ घोडाघोडी नगरपालिकामा रहेका मुख्य पर्यटकीय गन्तव्यस्थलको सूची बनाउन लगाएर<br>➢ घोडाघोडी नगरपालिकामा रहेका मुख्य पर्यटकीय गन्तव्यस्थलको परिचय दिन लगाएर<br>➢ कृषि पकेट क्षेत्रलाई घोडाघोडी नगरपालिकाको नक्सामा देखाउन लगाएर<br>➢ नगरपालिका भित्रका व्यापारिक केन्द्र र विभिन्न सामग्री खरिद गर्ने स्थलको परिचय सोधेर<br>➢ मौसमी र बेमौसमी तरकारीको सूची तयार गर्न लगाएर र तिनको महत्व भन्न लगाएर<br>➢ नगदे बालीको महत्व भन्न | २५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | उत्पादन हुने नगदे बालीको परिचय दिन र प्रयोग भन्न<br>➢ परम्परागत हस्तकला बनाउने सिपहरु( ढकिया,च्यौढी, डिलिया,हेल्का ,आदि) को अभ्यास गर्न<br>➢ स्थानीय परम्परागत ज्ञान सिप र प्रविधि प्रविधिको परिचय दिन ( कोल ,लह्रिया आदि )<br>➢ | उत्पादन हुने नगदे बालीको परिचय दिन र प्रयोग<br>➢ परम्परागत हस्तकला बनाउने सिपहरु( ढकिया,च्यौढी, डिलिया,हेल्का ,आदि) को अभ्यास<br>➢ स्थानीय परम्परागत ज्ञान सिप र प्रविधि प्रविधिको परिचय ( कोल ,लह्रिया आदि )<br>➢ दिन ( कोल ,लह्रिया आदि ) | अभिभावकलाई सहयोग गर्न अभिप्रेरित गर्ने<br>➢ परम्परागत हस्तकलाका सामग्री बनाउने सिपहरु(ढकिया,च्यौढी, डिलिया,हेल्का ,आदि) को अभ्यास गराउने<br>➢ स्थानीय परम्परागत ज्ञान सिप र प्रविधि प्रविधिको परिचय ( कोल ,लह्रिया आदि ) दिन लगाउने | लगाएर<br>➢ हस्तकलाका सामग्री निर्माण गरेको अवलोकन गरेर<br>➢ स्थानीय परम्परागत ज्ञान सिप र प्रविधि प्रविधिको परिचय ( कोल ,लह्रिया आदि ) दिन लगाएर | |
| ४ | स्वास्थ्य र पोषण | ➢ प्राकृतिक खाना र पत्रु खाना/जङ्क फुडको पहिचान गरी उपयुक्त खाना खाने बानी बसाल्ने ।<br>➢ विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजा पहिचान गरी स्वस्थ खाजा खान<br>➢ स्थानीय जडीबुटीको पहिचान गर्न<br>➢ योगको महत्व भन्न र योगाभ्यास (कपालभाति, अनुलोम विलोम) गर्न<br>➢ स्थानीय खेलहरु ( बाघचाल,राजापास आदि ) को अभ्यास गर्न | ➢ प्राकृतिक खाना र पत्रु खाना/जङ्कफुडको पहिचान<br>➢ विद्यालयमा ल्याइने/खाइने स्वस्थकर खाजा पहिचान<br>➢ विद्यालयमा ल्याइने/खाइने स्वस्थ खाजा पहिचान<br>➢ स्थानीय जडीबुटीको पहिचान<br>➢ योगको महत्व भन्न र योगाभ्यास (कपालभाति, अनुलोम विलोम)<br>➢ स्थानीय खेलहरु( बाघचाल,राजापास आदि ) | ➢ चित्र र भिडियोद्वारा प्राकृतिक खाना, पत्रु खाना/जङ्कफुडको जानकारी गराउने तथा तिनको महत्व भन्ने<br>➢ विद्यालयमा विद्यार्थीहरूले ल्याएका खाजा स्वस्थकर भए नभएको अवलोकन गर्ने र स्वस्थकर खाजा बनाउने तथा खाने तरिका बारे छलफल गराउने<br>➢ स्थानीय स्तरमा प्रयोगमा ल्याइएने जडीबुटीको नाम र तीनको प्रयोगको बारेमा कक्षामा छलफल गर्ने<br>➢ कपालभाती, अनुलोम विलोम र योगिङ्-जगिङ्को चित्र वा पोस्टर, भिडियो कक्षामा प्रर्दशन गर्ने<br>➢ शिक्षकले कपालभाति, अनुलोम विलोम र योगिङ्-जगिङ्को अभ्यास नमुनाका रूपमा प्रर्दशन गर्दै विद्यार्थीलाई अभ्यास गर्न लगाउने<br>➢ योगले हाम्रो स्वास्थ्यमा पुर्याउने फाइदाका बारेमा विद्यार्थीलाई जानकारी दिने | ➢ प्राकृतिक खाना र जङ्कफुडको परिचय र तिनको महत्व भन्न लगाएर<br>➢ विद्यालयमा विद्यार्थीले ल्याएका खाजा स्वस्थकर भए नभएको अवलोकन गरेर<br>➢ स्वस्थकर खाजा बनाउने र खाने तरिका भन्न लगाएर<br>➢ स्थानीय जडीबुटीको नाम भन्न लगाएर<br>➢ कपालभाति, अनुलोम विलोम र योगिङ्-जोगिङ्को अभ्यास गरेको अवलोकन गरेर<br>➢ योग गर्न र योगको फाइदा भन्न लगाएर<br>➢ स्थानीय खेलहरु( बाघचाल,राजापास आदि ) खेलेको हेरेर<br>➢ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ➢ स्थानीय खेलहरु ( बाघचाल, राजापास आदी खेल्ने तरिका वारे छलफल गर्ने र विद्यार्थीहरुलाई अभ्यास गराउने । | | |
| ५ | प्रकोप, वातावरण र हरित विद्यालय | ➢ बाढीपहिरो,हावाहुरी, नदीकटान र आगलागीबाट बच्ने उपाय पहिचान र अवलम्बन गर्न<br><br>➢ नगरपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिको उपयोग र महत्व वर्णन गर्न<br>➢ विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैँचाको निर्माणमा सहभागी हुन<br><br>➢ नगरपालिका क्षेत्रमा पाइने | ➢ बाढी र आगलागीबाट बच्ने उपाय पहिचान र अवलम्बन<br><br>➢ नगरपालिका क्षेत्रमा पाइने औषधिजन्य वनस्पतिको उपयोग र महत्व<br>➢ विद्यालय तथा घरमा स्थानीय औषधिजन्य वनस्पति र फलफूल बगैँचाको निर्माणमा सहभागिता<br><br>➢ नगरपालिका क्षेत्रमा पाइने | ➢ बाढी र आगलागीबाट बच्नको लागि अवलम्बन गर्न सकिने उपायका बारेमा चित्र, श्रव्यदृश्य सामग्रीको प्रयोग गरी भन्ने<br>➢ विद्यार्थीहरुलाई आफ्नो अनुभवहरु भन्न लगाउने<br>➢ नगरपालिकाभित्रका वनमा पाइने औषधिजन्य वनस्पतिहरूको अवलोकन गराएर वा चित्र वा भिडियो अवलोकन गराएर परिचय गराउने<br>➢ औषधिजन्य वनस्पतिको महत्व तथा उपयोगका बारेमा छलफल गराउने<br>➢ ती वनस्पतिको प्रयोग सम्बन्धमा चित्रसहित प्रस्तुति गर्ने<br>➢ घर तथा विद्यालयमा औषधिजन्य वनस्पति तथा फलफूलको उत्पादन गर्नको लागि बगैँचा बनाउन सकिने कुरा भन्ने<br>➢ विद्यालयको बगैँचामा औषधिजन्य वनस्पति र फलफूल रोपण गर्न विद्यार्थीहरूलाई सहभागी गराउने<br>➢ अभिभावकको सहयोगमा घरमा सम्भव भएसम्म औषधिजन्य वनस्पति र फलफूल बगैँचा तयार गर्न लगाउने<br>➢ नगरपालिका क्षेत्रभित्रका वनमा पाइने | ➢ बाढी र आगलागीबाट बच्ने उपाय भन्न लगाएर<br>➢ औषधिजन्य वनस्पतिको परिचय दिन लगाएर<br><br>➢ औषधिजन्य वनस्पतिको उपयोग भन्न लगाएर<br>➢ घरमा औषधिजन्य वनस्पति तथा फलफूल रोपण गरे नगरेको अभिभावकसँग प्रतिक्रिया लिएर विद्यालयमा औषधिजन्य वनस्पति तथा फलफूल रोपणमा सहभागी भए नभएको अवलोकन गरेर<br><br>➢ नगरपालिका क्षेत्रभित्रका वनस्पति | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान गर्न र अवलम्बन गर्न<br>➢ नगरपालिका क्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असर पहिचान गर्न | वनस्पति र जीवजन्तुको संरक्षणमा विद्यार्थी, विद्यालय, समुदायको भूमिका पहिचान र अवलम्बन<br>➢ नगरपालिका क्षेत्रमा जलस्रोतको प्रदूषणका कारण र असर पहिचान | वनस्पति र जीवजन्तुको संरक्षण गर्नुको महत्व सम्बन्धमा छलफल गराउने<br>➢ उक्त क्षेत्रभित्रका वनस्पति र जीवजन्तुको संरक्षणको लागि विद्यार्थी, समुदाय, विद्यालयको भूमिका सम्बन्धमा छलफल गराउने<br>➢ वातावरण (सजीव र निर्जीव वस्तुको संरक्षणका बारेमा मस्तिष्क मन्थन गराउने र वातावरण संरक्षणको उदाहरणसहित प्रष्ट पार्ने (जीवजन्तुको संरक्षण, वनस्पतिको संरक्षण, वनसम्पदा, जलसम्पदाको संरक्षण)<br>➢ जलप्रदूषणका बारेमा मस्तिष्क मन्थन गराउने ।<br>➢ घर, विद्यालय, नगरपालिका क्षेत्रभित्रका विभिन्न स्रोत तथा स्थानमा भएको पानी र त्यसमा देखिएको प्रदूषणको बारेमा अवलोकन, चित्र तथा भिडियोको माध्यमबाट प्रष्ट पार्ने<br>➢ उक्त क्षेत्र तथा विभिन्न स्थानमा जलप्रदूषण हुनुका कारणबारे छलफल गराउने<br>➢ नगरपालिका क्षेत्रभित्र देखिएको जलप्रदूषणबाट देखिएको असर (बोटबिरुवा, मानिस तथा अन्य जनावर, वातावरण आदि)का बारे छलफल गराउने | तथा जीवजन्तुको संरक्षणको महत्व भन्न लगाएर<br>➢ उक्त कार्यको लागि विद्यार्थी, विद्यालय र समुदायको भूमिका व्यक्त गर्न लगाएर<br>➢ वातावरण संरक्षणको परिचय भन्न लगाएर जलप्रदूषणको परिचय सोधेर<br>➢ जलप्रदूषण हुने कारणहरू भन्न लगाएर<br>➢ जलप्रदूषणबाट देखिएका असरहरू भन्न लगाएर | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | जीवन उपयोगी सिप र मानव मूल्यमा आधारित शिक्षा | ➢ नगरभित्रका असल व्यक्तिले गरेका कार्यहरू पहिचान गर्न र उक्त कार्यको अनुकरण गर्ने सिप र आचरणको विकास गर्न<br><br>➢ परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान र अभ्यास गर्न<br>➢ आफूसँग भएका सम्भावनाको स्वमूल्याङ्कन गरी सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गर्न | ➢ नगरभित्रका असल व्यक्तिले गरेका कार्यहरू पहिचान र उक्त कार्यको अनुसरण गर्ने सिप र आचरणको विकास<br><br>➢ परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान र अभ्यास<br>➢ आफूसँग भएका सम्भावनाको स्वमूल्याङ् कन गरी सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास | ➢ नगरभित्रका असल व्यक्तिको पहिचान गराउने<br>➢ उनीहरूले गरेका कार्यको जानकारी गराउने र ती कार्यको अनुकरण गर्ने सिप र आचरणको विकास गर्ने अभ्यास गराउने<br>➢ नगरभित्रकाका असल व्यक्तिले गरेका कार्यलाई उनीहरूले गरेका कार्यसम्बन्धी समेटेर तयार गरिएको श्रव्यदृश्य सामग्री प्रयोग गरी प्रदर्शन गर्ने र अवलोकनका आधारमा विद्यार्थीले सिकेका कुरा प्रस्तुत गर्न लगाउने<br>➢ चित्र, श्रव्यदृश्य सामग्रीको माध्यमबाट परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरणको पहिचान गराउने र अभ्यास गराउने<br>➢ शिक्षकले आफूमा भएको असल आचरण तथा आफूले लिएको लक्ष्य भन्ने<br>➢ प्रत्येक विद्यार्थीलाई उनीहरूसँग भएको असल आचरण, तथा आफूसँग भएका सम्भावनाको स्वमूल्याङ्कन गर्न लगाउने र सही लक्ष्यका साथ अघि बढ्ने क्षमताको अभ्यास गराउने | ➢ असल मानिसले गरेका कार्यहरू भन्न लगाएर<br>➢ असल मानिसले गरेका कार्यको अनुकरण गरेको अवलोकन गरेर<br><br>➢ परिवार र समाजको जिम्मेवार सदस्य हुनका लागि आवश्यक पर्ने स्वभाव र आचरण भन्न लगाएर<br>➢ उक्त स्वभाव र आचरणको अवलोकन गरेर | १५ |
| ७ | स्थानीय व्यक्तित्व र सामाजिक संस्था | ➢ आफू अध्ययनरत शैक्षिक संस्था स्थापना गर्ने व्यक्तित्वको परिचय दिन<br><br>➢ नगरभित्रका मुख्य सहकारी संस्थाको छोटो परिचय दिन | ➢ आफू अध्ययनरत शैक्षिक संस्था स्थापना गर्ने व्यक्तित्वको परिचय दिन<br><br>➢ नगरभित्रका मुख्य सहकारी संस्थाहरू को छोटो परिचय | ➢ आफू अध्ययनरत विद्यालयको शैक्षिक व्यक्तित्वहरुकोको फोटो प्रर्दशन गर्दै विद्यालय स्थापनाको कथा प्रस्तुत गर्ने<br>➢ शैक्षिक व्यक्तिको जीवनीको बारेमा तयार गरिएका भिडियो डकुमेन्ट्री वा पावरप्वाइन्ट प्रस्तुत गर्दै उहाँहरूको योगदानको चर्चा गर्ने<br>➢ नगरभित्रका मुख्य सहकारी संस्था को जानकारीमूलक हातेपुस्तिका (ब्रोसर) अध्ययन गर्न लगाउने<br>➢ सहकारीले सामाजिक तथा आर्थिक पक्षमा पुऱ्याएको योगदानको बारेमा समूहगत छलफल गराई कक्षामा प्रस्तुत गर्न लगाउने | ➢ आफ्नो विद्यालयका संस्थापक शैक्षिक व्यक्तित्वको परिचय दिन लगाएर<br><br>➢ नगरभित्रका मुख्य सहकारी संस्था को परिचय तथा ती संस्थाले सामाजिक तथा आर्थिक पक्षमा पुऱ्याएको योगदान भन्न लगाएर | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ➢ सम्बन्धित सहकारी संस्थाका सम्बन्धित सहकारी संस्थाको अध्ययन भ्रमण गराउने र उक्त संस्थाले गर्दै आएका कार्यहरू र पुऱ्याएका सेवाको जानकारी दिन लगाउने तथा विद्यार्थीहरूलाई मुख्य मुख्य विवरणहरूको टिपोट गर्न लगाइ कक्षामा प्रस्तुत गर्न लगाउने | | |
| | | ➢ नगरपालिकाभित्रका वित्तीय संस्था तथा सहकारी संस्थाहरूको परिचय दिन | ➢ नगरपालिकाभित्रका वित्तीय संस्था तथा सहकारी संस्थाहरूको परिचय | ➢ नगरपालिकाभित्रका वित्तीय संस्था तथा सहकारी संस्थाहरूका व्यक्तिलाई आमन्त्रण गरी वा उक्त संस्थामा भ्रमण गराई ती संस्थाहरूको परिचय र संस्थाले गरेका कार्यहरूको बारेमा जानकारी दिन लगाउने | ➢ नगरपालिकाभित्रका वित्तिय संस्था तथा सहकारी संस्थाहरूको परिचय र संस्थाले गरेका कार्यहरूको भन्न लगाएर | |
| | | ➢ वडाभित्रको सहकारी संस्थाले गर्ने कार्यहरू पहिचान गर्न | ➢ वडाभित्रको सहकारी संस्थाले गर्ने कार्य पहिचान | ➢ वडाभित्रको सहकारी संस्थाले गर्ने कार्यहरू पहिचान गर्न लगाउने | ➢ वडाभित्रको सहकारी संस्थाले गर्ने कार्यहरू भन्न लगाएर | |
| | | ➢ नगरभित्रका स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाका प्रकार उल्लेख गर्न | ➢ नगर भित्रका स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिने स्वास्थ्य सेवाका प्रकार | ➢ नगरभित्रका स्वास्थ्य संस्थाहरूको भ्रमण गराई वा स्वास्थ्य संस्थाका व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी ती संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाका प्रकार र सेवाको जानकारी दिन लगाउने<br>➢ नगरभित्रका स्वास्थ्य संस्थाहरूबाट आवश्यकताअनुसार सेवा लिने कुराको जानकारी गराउन | ➢ नगरभित्रका स्वास्थ्य संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाका प्रकार र सेवाको जानकारी दिन लगाएर | |

**सम्भावित परियोजना तथा प्रयोगात्मक कार्य**

**कक्षा ४**

१. नगरपालिकाका वडागत महिला र पुरुषको विवरणको चार्ट तयार गरी कक्षामा टाँस गर्नुहोस् ।

२. आफूले मनाउने प्रमुख चाडपर्वको बारेमा आफ्नो अभिभावकसँग सोधपुछ गरी तलका बुँदाको आधारमा तालिका बनाई कक्षामा प्रस्तुत गर्नुहोस् । (चाडपर्वको नाम, चाडपर्व परेको महिना र गते, उक्त चाडपर्वमा गरिने क्रियाकलाप आदि)

३. समूहगत रूपमा कार्य विभाजन गरी नजिकमा पर्ने धार्मिक स्थलको भ्रमण गरी धार्मिक स्थल रहेको ठेगाना, परिचय, गरिने क्रियाकलाप, महत्व आदिलाई समेटी प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. तपाईंको गाउँटोलमा पाइने हस्तकलाका सामग्री के के छन् सङ्कलन गरी कक्षाकोठामा प्रदर्शन गर्नुहोस् । ती सामग्री बनाउने तरिका र उपयोगितासम्बन्धी विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. घरमा हस्तकलाबाट निर्माण गर्न सकिने विभिन्न सामग्री मध्ये अभिभावकको सहयोगमा कुनै एक हस्तकलाको सामग्री ( डोक्नी, पैवा, भौका, जाल डोको, ढकिया) निर्माण गर्नुहोस् । उक्त सामग्री निर्माण गर्दा चाहिने कच्चा पदार्थ, निर्माण गर्ने तरिका र निर्मित सामग्रीको प्रयोग तथा उपयोगिता आदिलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् । कक्षामा उक्त सामग्री प्रदर्शन गर्नुहोस् ।

६. सोधखोज तथा अवलोकनको माध्यमबाट आफ्नो नगरपालिकाभित्रका वनमा पाइने वन्यजन्तु तथा चराको सूची बनाउनुहोस् । उक्त वन्यजन्तु र चराको महत्व तथा संरक्षण गर्ने तरिका समेतलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

७. घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी बोटबिरुवाको वृक्षारोपण गर्नुहोस् । बिरुवा हुर्काउनका लागि आवश्यक पर्ने तत्व (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब एक महिनामा बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तन आए ? अवलोकन गरी प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

६. घर तथा विद्यालयबाट निस्कने फोहोरको वर्गीकरण (कुहिने, नकुहिने, तरल र ग्याँस) गर्नुहोस् । फोहोरमैला व्यवस्थापन गर्ने तरिका अवलम्बन गर्नुहोस् । यसको लागि फोहोर तरल (नाली, शौचालय तथा स्नानघरबाट निस्कने तरल, भान्साबाट निस्कने फोहोर), कुहिने र नकुहिने ठोस फोहोर, ग्याँस (वायु आदिको व्यवस्थापन गर्ने तरिका (आफू, आफ्नो परिवार, विद्यालय)लाई प्रयोग गर्नुहोस् । यी कार्यबाट फोहोर व्यवस्थापन गर्दा के-के प्रगति भयो ? संक्षेपमा प्रतिवेदन बनाउनुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

८. समाजका असल व्यक्तिले गरेका कार्यको सूची तालिकामा तयार गर्नुहोस् । ती असल कार्य मध्ये आफूले गर्नसक्ने कार्य छनोट गरी कार्यान्वयन गर्नुहोस् । यसरी कार्यान्वयन गर्दा के-के पक्षमा सुधार भयो ? प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

९. वडाभित्र रहेका स्वास्थ्य संस्थामध्ये कुनै एक स्वास्थ्य संस्थाको बारेमा निबन्ध लेखी कक्षामा प्रस्तुत गर्नुहोस् । उक्त निबन्धमा संस्थाको परिचय, प्रदान गर्ने सेवालाई समेट्नुहोस् ।

**कक्षा ५**

१. घोडाघोडी  नगरपालिकाको नक्सा बनाई निम्नलिखित स्थान भर्नुहोस् :
(कान्द्रा  नदी, घोडाघोडी  ताल, बुटका बााबा मन्दिर, अस्नाबाबा मन्दिर, चिडिया ताल, सिताकुवा )

२. समूहगत/व्यक्तिगत रूपमा  माघी/गौरा मेला सम्बन्धमा उक्त मेलाका जानकार समुदायका व्यक्तिसँग सोधपुछ गरी निम्न पक्षलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस्-
(क) परिचय (ख) मेलामा गरिने क्रियाकलाप (ग) राम्रा पक्षहरू (घ) सुधार गर्नुपर्ने पक्षहरू

३. समूहगत रूपमा घोडाघोडी  नगरपालिकाभित्र पर्ने घोडाघोडी ताल तथा सिमसार क्षेत्र र सीताकुवा  मन्दिर आदिको अवलोकन भ्रमण गर्नुहोस् र ती ठाउँका विशेषताको बारेमा सोधखोज तथा अवलोकन गरी प्राप्त विवरणलाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

४. घर वरपरको खाली जमिन, करेसाबारीमा उपयोगी औषधिजन्य वनस्पति (घिउकुमारी, अमला, तुलसी, असुरो वा अन्य औषधिजन्य वनस्पति)को वृक्षरोपण गर्नुहोस् । ती वनस्पति हुर्किनको लागि आवश्यक पर्ने तत्व (पानी, मल आदि) प्रदान गर्नुहोस् । करिब तीन महिनामा बिरुवाको वृद्धि कति भयो, बिरुवामा के कस्ता परिवर्तन आए ? अवलोकन गर्नुहोस् । ती औषधिजन्य वनस्पति के-के कामको लागि प्रयोग गरिए ? प्राप्त तथ्यलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

५. घर तथा विद्यालयबाट निस्कने ठोस फोहोरमैला व्यवस्थापन गर्ने मुख्य तीन तरिका- कम प्रयोग, पुन:प्रयोग र पुन:चक्रण विधि प्रयोग गर्नुहोस् । यी तीन व्यवस्थापनका उपाय अवलम्बन गर्दा के-के फाइदा भयो ? अनुभवलाई समेटी प्रतिवेदन तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

६.  नगरभित्रका सहकारी वित्तीय सामाजिक स्वास्थ्य शैक्षिक संस्थाको भ्रमण गरी सो संस्थाको परिचय, स्थापनाको उद्देश्य, संस्थाले गर्दै आएका कार्य र भावी योजनासम्बन्धी विवरण सहितको प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

## सिकाइ सहजीकरण विधि र प्रक्रिया

### (ख) कक्षा ४–५ मा सिकाइ सहजीकरण विधि र प्रक्रिया

स्थानीय विषयको पाठ्यक्रममा समावेश विषयवस्तु तथा सिकाइ उपलब्धि सहज र सरल तरिकाले विद्यार्थीहरूमा हासिल गराउन उपयुक्त सिकाइ वातावरणको सिर्जना गरी शिक्षक, विद्यार्थी र विषयवस्तुबीच सक्रिय अन्तरक्रिया गर्ने विधि वा प्रक्रिया अवलम्बन गर्नुपर्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । यो योजनाबद्ध र सिकाइ उपलब्धि उन्मुख वा प्रतिफल केन्द्रित हुनुपर्छ । सहजीकरण प्रक्रिया विद्यार्थीलाई उत्प्रेरित गर्ने, सक्रिय बनाउने र रूचि जगाउने पनि हुनुपर्छ । यस प्रक्रियामा विद्यार्थी सक्रिय भई सिकाइ क्रियाकलापमा संलग्न हुने र आवश्यकताअनुसार पृष्ठपोषण प्राप्त गरी सिकाइमा सुधार गर्नसक्ने अवसर हुनुपर्दछ । यो प्रक्रिया सिकारू र सिकाइका विविधतालाई सम्मान गर्ने र सबैलाई समावेश गर्ने समावेशी सिद्धान्तमा आधारित पनि हुनुपर्छ ।

एउटै प्रकारको सिकाइ सहजीकरण विधि सधैं र सबैतिर उपयुक्त हुन नसक्ने भएकाले एउटै विषयवस्तु सिकाइका लागि पनि विविध विधि अपनाउन सकिन्छ । त्यसैले शिक्षण विधिको छनोट गर्दा सकभर विविधता कायम गर्नुपर्छ । सिकाइ सहजीकरण विधिको चयन गर्दा मुख्य रूपमा विद्यार्थीको पूर्व ज्ञान, रुचि, क्षमता, चाहना, उनीहरूको तहगत स्तर, विषयवस्तुको स्वरूपलगायत उपलब्ध हुन सक्ने स्रोतसाधन, वातावरणीय अवस्था, शिक्षकको रूचि तथा तयारी इत्यादिलाई विचार गर्नुपर्दछ ।

आधारभूत शिक्षाअन्तर्गत कक्षा ४-५ को यो पाठ्यक्रमा समावेश गरिएका विषयवस्तुहरू प्रयोगात्मक प्रकृतिका भएकोले यसको सिकाइ सहजीकरण प्रक्रिया परम्परागत पद्धतिभन्दा फरक हुनुपर्छ । सिकाइ सहजीकरण गर्दा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ क्रियाकलापमा जोड दिई कक्षालाई जीवन्त बनाउन र विद्यार्थीलाई क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने छ । विद्यार्थी केन्द्रित सिकाइ क्रियाकलापबाट सिकाइ प्रभावकारी हुने, विषयवस्तुलाई दैनिक जीवनका हरेक घटनक्रमलाई बालबालिकाले व्यवहारकुशल तथा जीवनोपयोगी सिप आर्जन गर्न सक्ने र उनीहरूमा रहेको प्रतिभा प्रष्फुटन सहज हुने भएकाले सिकाइ सहजीकरण क्रियाकलाप सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्ने छ । स्थानीय विषयको पाठ्यक्रमका विषयवस्तुहरू स्थानीय ज्ञान, सीपको विकास गरी आवश्यकतानुसार घर, विद्यालय, समुदायमा प्रयोग गर्ने खालका भएकोले सैद्धान्तिकभन्दा गरेर सिक्ने प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । यस विषयको सिकाइ सहजीकरण गर्दा निम्न विधि र तरिकाहरू प्रयोग गर्न सकिन्छ :

**सम्भावित शिक्षण विधि**

| | |
|---|---|
| (अ) प्रयोगात्मक विधि | (आ) अवलोकन विधि |
| (इ) छलफल विधि | (ई समस्या समाधान विधि |
| (उ) प्रदर्शन विधि | (ऊ) क्षेत्र भ्रमण विधि |
| (ऋ) प्रश्नोत्तर विधि | (ए) घटना अध्ययन विधि |

**शिक्षण तरिका तथा रणनीति**

| | |
|---|---|
| (अ) मस्तिष्क मन्थन | (आ) ग्यालरी हिडाइ |
| (इ) सोच्ने जोडी बनाउने अनुभव आदानप्रदान गर्ने | (ई)केडब्लुएल चार्ट |
| (उ) टी र एम चार्ट | (ऊ) ग्राफिटी |
| (ऋ) जिग्स | (ए) घटना परस्पर शिक्षण |

**विद्यार्थी मूल्याङ्कन (कक्षा ४–५)**

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन अवलम्बन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ । निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ । निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप तथा कक्षा, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, सामाजिक व्यवहार अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य तथा परीक्षा, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ ।

स्थानीय विषयअन्तर्गत रहेका विषयवस्तु तथा सिकाइ उपलब्धिमा विद्यार्थीले हासिल गरेको उपलब्धिको मूल्याङ्कन गर्नको लागि निर्माणात्मक मूल्याङ्कनको रूपमा आन्तरिक र निर्णयात्मक मूल्याङ्कनको लागि अन्तिम मूल्याङ्कनलाई लिइएको छ । यसको लागि कक्षा ४ देखि ५ सम्मको प्रत्येक कक्षामा विद्यार्थीको मूल्याङ्कनअन्तर्गत आन्तरिक मूल्याङ्कन (५० प्रतिशत भार) र अन्तिम परीक्षा (५० प्रतिशत भार) समावेश गरिएको छ । आन्तरिक मूल्याङ्कनको ५० प्रतिशत भारलाई समेत निर्णयात्मक मूल्याङ्कनको रूपमा समायोजन गरीनेछ । विद्यार्थीको समग्र मूल्याङ्कन गरी प्रमाणपत्र अर्थात् ग्रेडसिटमा दुवै मूल्याङ्कनको नतिजालाई समावेश गरिनेछ । आन्तरिक मूल्याङ्कन र अन्तिम मूल्याङ्कन निम्नानुसार गर्नुपर्ने छ ।

**(अ) आन्तरिक मूल्याङ्कन**

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

| सि. नं. | मूल्याङ्कनका पक्ष | अङ्क भार | कैफियत |
|---|---|---|---|
| १ | सहभागिता | ४ | सहभागिताअन्तर्गत हाजिरी, कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, समूह कार्यलगायतका अन्य पक्ष रहनेछन् । |
| २ | प्रयोगात्मक/परियोजना कार्य | ३६ | कक्षागत रूपमा प्रयोगात्मक र परियोजना कार्य सञ्चालनका लागि योजना निर्माण, सञ्चालन, अभिलेखीकरण, प्रस्तुतीकरण र अन्तर्वार्ता लगायतका पक्षहरू समावेश गरी मूल्याङ्कन गर्नुपर्ने छ । |
| ४ | त्रैमासिक परीक्षा | १० | पहिलो त्रैमासिकको लागि ५ अङ्कभार र अर्धवार्षिक परीक्षाको लागि ५ अङ्कभार हुनेछ । यसको लागि प्रत्येक परीक्षाको लागि ५० पूर्णाङ्कको परीक्षा लिई प्राप्ताङ्कलाई ५ मा परिणत गर्न सकिने छ । |
| जम्मा | | | ५० |

**(आ) अन्तिम परीक्षा**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्ने छ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र निम्न लिखित विशिष्टीकरण तालिकाअनुसार निर्माण गरी उपलब्धि परीक्षा लिनुपर्ने छ ।

# विशिष्टीकरण तालिका

कक्षा ५ विषय : स्थानीय विषय
पूर्णाङ्क : ५० समय : १ घण्टा ३० मिनेट

| प्रश्न योजना तथा अङ्कभार वितरण | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकाइ | क्षेत्र/एकाइ | पाठ्य घण्टा | पूर्णाङ्क | ज्ञान | | | बोध | | | प्रयोग | | | उच्चदक्षता | | | जम्मा प्रश्न संख्या | | | जम्मा अङ्कभार | | | जम्मा अङ्क |
| | | | | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति ओटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | अति छोटो | छोटो | लामो | |
| १ | हाम्रो घोडाघोडी | 20 | ८ | १ | | | १ | | १ | | | | | १ | | २ | १ | १ | २ | २ | ४ | ८ |
| २ | हाम्रो सामाजिक र सांस्कृतिक सम्पदा | ३० | ११ | १ | १ | | | १ | | | १ | | | | १ | १ | ३ | १ | १ | ६ | ४ | ११ |
| ३ | हाम्रा स्थानीय पेसा व्यवसाय, पर्यटन र आर्थीक क्रियाकलाप | २० | ८ | १ | | | | | १ | १ | १ | | | | | २ | १ | १ | २ | २ | ४ | ८ |
| ४ | स्वास्थ्य र खेलकुद | ५ | २ | | | | | | | | १ | | | | | | | | २ | | | २ |
| ५ | विपद व्यवस्थापन, वातावरण र हरित विद्यालय | २८ | ११ | १ | १ | | | १ | | | १ | | | | १ | १ | ३ | १ | १ | ६ | ४ | ११ |
| ६ | जीवनोपयोगि सिप र मानव मुल्यमा आधारित शिक्षा | १५ | ६ | १ | | | | | | १ | | १ | | | | २ | | १ | २ | | ४ | ६ |
| ७ | स्थानीय व्यक्तित्व र सामाजिक संस्थाहरु | १० | ४ | १ | | | | १ | | १ | | | | | | २ | १ | | २ | २ | | ४ |
| | जम्मा | १२८ | ५० | ६ | २ | ० | १ | ३ | २ | ३ | ४ | १ | ० | १ | २ | १० | १० | ५ | १० | २० | २० | ५० |

- प्रश्न निर्माण गर्दा निम्न तहका प्रश्न (ज्ञान, बोध र प्रयोग) तथा उच्च तहका प्रश्न (विश्लेषण, मूल्याङ्कन र सिर्जना) सबै तहका प्रश्नहर र सबै एकाईको पाठयघण्टालाई ध्यानमा राखेर प्रश्न बनाउनुपर्ने छ ।
- अति छोटो प्रश्न १ अङ्क, छोटो प्रश्न २ अङ्क र लामो प्रश्न ४ अङ्कका दरले सोध्नुपर्ने छ ।